नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

२०६७ श्रावण पूर्णिमा/येँयाः पुन्हि- वर्ष ३८ अंक ५
बु.सं. २५५४ ने.सं. ११३०

The Ananda Bhoomi (Year 38, Vol. 5)
A Buddhist Monthly : September/Oct 2010

*प्रमुख सल्लाहकारः*
**भिक्षु कुमार काश्यप महास्थविर** (प्रमुख, आ. कु. वि.)
**भिक्षु मैत्री महास्थविर** (अध्यक्ष, आ. कु. वि. संस्था)

*सल्लाहकारः*
**भिक्षु धर्ममूर्ति** (सचिव, आ.कु.वि.)

*व्यवस्थापक*
**भिक्षु सरणंकर**
आनन्द कुटी विहार, ४२७१४२०

*वितरण तथा अर्थ*
**भिक्षु पियदस्सी, भिक्षु नारद**

*लेखा व्यवस्थापनः*
**भिक्षु प्रज्ञारत्न, सुरेश महर्जन**
स्वयम्भू

*आवरण डिजाइन/मित्री सेटिङ्*
**विनोद महर्जन**

*सम्पादक/प्रकाशन संयोजकः*
**कोण्डन्य**
बुद्ध विहार भृकुटीमण्डप, ४२२६७०२

***वितरणार्थ सहयोगीहरुः***

बुद्धजयन्ती समारोह समिति (श्रीघः), शाक्य वाच शप-बनेपा, अ. इन्द्रावती, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य, विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्), विजय गुरूङ् (लमजुङ्), ।

*मुद्रणः*
**आईडियल प्रिन्टिङ्ग प्रेस**
ग्वार्को, ललितपुर, फोनः २१२०२३५

*प्रकाशकः*
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०

*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



**यथा'पि रुचिरं पुप्फं - वण्णवन्तं अगन्धकं ।**
**एवं सुभासिता वाचा - अफला होति अकुब्बतो ।।**

***अर्थात् ः जस्तो वासना नआएको फूल राम्रो भए तापनि निष्फल हुन्छ, त्यस्तै क्रियाहीन कुरा पनि निष्फल हुन्छ ।***

गथे नस्वा-सुगन्ध मदुगु स्वाँ बाँलागु जूसां ख्यले मदु, अथे हे कार्य हीनगु खँ नं बाँमला, ख्यले मदु ।

Just as a beautiful flower which is radiant yet lacks fragrance, so are the beautifulwords of one who does not act accordingly.

**- धम्मपद, ५१**

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@ntc.net.np

**वार्षिक रू. १५०/- एकप्रति रू. १५/- वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

# सम्पादकीय

## जनगणनामा हामी बौद्धहरू जागरूक होऔं

प्रत्येक दश दश वर्षमा जनगणना हुँदै आइरहेको हामीलाई थाहै छ । बुद्ध-जन्मभूमि राष्ट्र नेपाल बहुधार्मिक, बुहभाषिक, बहुजातीय, बहुसाँस्कृतिक मुलुक हो । बदलिंदो एतेहासिक राजनीतिक परिवर्तनसंगै नेपालको अन्तरिम संविधान २०६३ ले- "नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी र पूर्ण लोकतान्त्रिक राज्य हो ।" भनी स्पष्ट किटान गरिसकेको छ । विविध जनजातिको मुलुक यो देशमा सदियौंदेखि राज्यब्यवस्थाले एकपक्षीय नीति अवलम्बन गर्ने, कसैलाई काखा त कसैलाई पाखा लगाउने कानुनी, प्रशासनिकलगायत असमान विधिब्यवहार गरिंदै आएको थियो । वास्तवमा जनजातिहरूको भावनालाई कुल्चिएर होइन, बरू सबैलाई समेटिएर अगाडि बढ्नुपर्ने लोकतान्त्रिक मान्यता हो । तर विगतको इतिहासमा शासकहरूले नेपालका आदिवासी बौद्ध जनजातिहरूलाई हिन्दूकरणको चेपुवामा पारी थिचोमिचो गरिंदै आएको इतिहास हामीसामू विद्यमान छ ।

जनगणनाको भावनालाई समेटिएर गत ५८ सालको जनगणनामा केही प्रभावकारी परिवर्तन देखिएकै हो । विभिन्न बौद्ध संघसंस्थाहरूको सकृयता एवं विभिन्न कारणले निश्चय पनि हामीबीच चेतनामूल जागरणमा अभिवृद्धि देखिएको छ । जनगणनामा जुन परिवर्तन देखिएको थियो, त्यस क्रमलाई अझ सतत् जागरूक क्रियाकलापमा निरन्तरता दिंदैजानु परिवर्तनकामी सबैको दायित्व भएको छ ।

नेपालमा धर्मसम्बन्धी जनसंख्या तथ्याछ्र प्रथमपटक इ. सं. १९५२/५४ मा उपलब्ध भएको विगतको इतिहासलाई खोतल्दा त्यसबेला नेपालको कूल ८२ लाख जनसंख्यामध्ये ७०७,१०४ अथवा ८.८ प्रतिशत बौद्ध थिए भने १९५२/५४–१९६१ को दशकमा २३.२ प्रतिशत वृद्धि भएको देखिन्छ । त्यसपछि १९६१–८१ को दुई दशकमा बौद्ध जनसंख्या ८.३ प्रतिशत घट्यो र नेपालको कूल जनसंख्याको ५.३ प्रतिशत मात्र बौद्ध रह्यो । पञ्चायत शासनको एकाधिकारी धार्मिक नीतिको कारणले यसो भएको मानिन्छ । ४६ सालमा प्रजातन्त्रको पुनर्स्थापनापछिको १९९१ को जनगणनामा भने १९८१ को तुलनामा बौद्ध जनसंख्या ८६.१ प्रतिशत बढेको थियो । त्यसपछि १९८१–२००१ मा ६९.७ प्रतिशत बढ्यो । १९५२/५४ र १९९१ को चारदशकमा ७ लाखबाट १४ भई दोब्बर भयो । १९९१–२००१ को दशकमा आइपुग्दा बौद्धहरूको जनसंख्या १० लाख बढेको थियो । समग्रमा भन्नुपर्दा १९५२/५४ देखि २००१ को पाँच दशकमा बौद्ध जनसंख्या ७ लाखबाट झण्डै २५ लाखमा पुगी ३.४ गुणा मात्र बढेको छ । १९५२/५४–१९९१ को झण्डै चार दशकमा नेपालको कुल जनसंख्या वृद्धि क्रमशः १२४ प्रतिशत वृद्धि भयो । सो अवधिमा हिन्दू तथा बौद्ध जनसंख्या वृद्धि क्रमशः ११८.६ प्रतिशत र १०३.५ प्रतिशत थियो । अथवा सो समयमा हिन्दूकरणको प्रवाह बलियो थियो । तर गत दशकमा यस प्रवृत्तिमा आमूल परिवर्तन देखा परेको छ । १९९१–२००१ को दशकमा नेपालको कुल जनसंख्या २३ प्रतिशतले बढ्यो भने हिन्दू जनसंख्या १४.६ प्रतिशत मात्र र बौद्ध जनसंख्या ६९.७ प्रतिशतले बढ्यो । यही अनुपातमा आसन्न जनगणनामा हामी बौद्धहरूको सहभागितालाई सक्रिय सँगै सजगता एवं सतर्कता अपनाउन सकिएन भने अभिवृद्धि हुन्छ नै भनी ढुक्क हुनु धोका हुन सक्छ, बेलैमा सोच्नु पर्ने हाम्रो कर्तव्य हो । साथै प्रचार प्रसारमा तदारूकता अपनाउन कन्जुस्याईं गर्नु हुन्न ।

गत जनगणना अनुसार बौद्धहरूको सबैभन्दा बढी जनसंख्या वृद्धि मगर तथा गुरूङ्गको थलो मध्यपहाडमा भयो र त्यसपछि काठमाडौं उपत्यकामा । १९९१–२००१ मा दशलाख बौद्ध जनसंख्या बढेकोमध्ये ९३.४ प्रतिशत मध्यपहाडमा भयो । प्रतिशतअनुसार बौद्ध जनसंख्या वृद्धि हिमालमा २१.६, भित्रिमधेशमा ६३.४, पहाडमा ७४.० र तराईमा १०७.३ भयो । सरदर वृद्धि प्रतिशतभन्दा बढी हुने पश्चिम भित्रिमधेश, मध्यतराई, पश्चिमपहाड र मध्यपहाड प्रदेश थियो । भित्रिमधेश तथा तराईमा बौद्ध जनसंख्या बढ्नुको कारण मूलतः बुद्धधर्म मान्ने जातिहरूको पहाडबाट बसाईं सराईं हो । पहाड प्रदेशमा बौद्ध जनसंख्या वृद्धिको कारणचाहिं धेरै मतवालीहरूले जनगणनामा अघिजस्तो हिन्दूको सट्टा बुद्धधर्म जनाउनुले हो ।

विगतको राज्य व्यवस्थाले एक धर्म एक भाषा एक संस्कृतिको सिद्धान्तको आधारमा जुन व्यवहार गरिएको थियो, ४६ सालको प्रजातन्त्र पुनर्स्थापनापछि धार्मिक, भाषिक, जातीय स्वतन्त्रताले गर्दा नयाँ वातावरण सृजना भएको छ भने हाल राजतन्त्रको अन्त्य भई संविधान सभामार्फत धर्मनिरपेक्ष संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा सामाजिक समानताको चेतनाबाट बौद्धलगायत अन्य गैरहिन्दू समुदायहरु सलबलाउनु स्वाभाविक हुन् । यसलाई धार्मिक स्वतन्त्रता, जातीय पहिचान तथा अभिव्यक्तिको परिचायक मान्न सकिन्छ । जे होस् राष्ट्रको सर्वाङ्गिण विकासमा राष्ट्रिय नीतिगत महत्व राख्ने आसन्न जनगणनामा हामी सम्पूर्ण बौद्धहरू सजग होऔं, सतर्क रहौं । यसरी नै सम्बन्धित सबैलाई सतत् जागरूक बनाउन निरन्तर रूपमा जागरणमूलक क्रियाकलाप गर्दै जाऔं । ♦

यस अङ्क




गताङ्कमा




आनन्द भूमि

पढौं पढाऔं समयमैं वार्षिक ग्राहक बनौं

आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।
फोन: ४२७१४२०
E-mail : anandakutivihar@ntc.net

# विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | चार प्रकारका मानिस | संघनायक भिक्षु अश्वघोष | ४ |
| २. | सद्‌गृहस्थको चारवटा सम्पत्ति | सत्यनारायण गोयन्का | ५ |
| ३. | हाम्रा धर्महरुमा अवैज्ञानिक प्रसंगहरु किन ? | डा. गणेश माली | ६ |
| ४. | परियत्ति शिक्षाले ममा ल्याएको परिवर्तन | प्रमिला महर्जन | ८ |
| ५. | जीवन फूल कि काँडा ? | राजु क्षेत्री | १० |
| ६. | जीर्णता स्वीकार्न बुद्धशिक्षा | शिशिल चित्रकार | १२ |
| ७. | अहिंसा दिवस विजया दशमी | महीश्वरराज वज्राचार्य | १५ |
| ८. | समर्पणका प्रतिमूर्ति भिक्षु कुमार काश्यप | रश्मि शाक्य | १७ |
| ९. | दान पारमिता | आचार्य भिक्षु कुमार काश्यप | २२ |
| १०. | पासायात ज्ञां | श्रामणेर धर्मघोष | २३ |
| ११. | Lord Buddha as Emblem of Peace | Pro. Suwarna Shakya | २४ |
| १२. | बौद्ध गतिविधि | | २६ |


## बाल बौद्ध चित्रकला प्रतियोगितामा बिजयी चित्रहरु



प्रथम - रिद्धिना शाक्य



द्वितिय - हिना महर्जन



तृतीय - रविन श्रेष्ठ

(विस्तृत समाचारको लागि कभरको पछाडि हेर्नुहोला)

# चार प्रकारका मानिस



✍ संघनायक भिक्षु अश्वघोष महास्थविर

बुद्ध भन्नुहुन्छ संसारमा चार प्रकारका मानिसहरू छन्ः-

१) नेव अत्तहिताय पटिपन्नो नो परहिताय,
२) परहिताय पटिपन्नो नो अत्तहिताय,
३) अत्तहिताय पटिपन्नो नो परहिताय,
४) अत्तहिताय पटिपन्नो परहिताय च

(अंगुत्तरनिकाय)

**अर्थ** :

१) आफूलाई पनि अरूलाई पनि हित हुने काम नगर्ने,
२) अरूको हित हुने काम गर्ने, तर आफ्नो हित हुने काम नगर्ने,
३) आफ्नो हित हुने काम गर्ने, तर अरूको हित हुने काम नगर्ने,
४) आफ्नो पनि अरूको पनि हित हुने काम गर्ने ।

अंगुत्तरनिकाय अनुसार यहाँ १ र २ नम्बर भन्दा ३ नम्बर उत्तम छ । किनभने आफ्नो हितलाई वास्तै नगर्ने र अरूको हित गर्ने राम्रो लागे पनि ३ नम्बरको व्यक्ति उत्तम छ । बुझ्नु पर्ने कुरा के भने आफू ठीक नभएसम्म, तालिम नभएसम्म, बलियो नभएसम्म अरूको भलो र सेवा गर्नु सजिलो काम होइन । सर्वप्रथम आफ्नो उपकार र भलो गर्ने व्यक्ति कसरी उत्तम हुन्छ भन्ने बारे चर्चा गर्नु र बुझ्नु राम्रो होला । यहाँ स्वार्थ हुनुपर्छ भनेको होइन । अर्को तरिकाबाट भन्ने हो भने आफ्नो उपकार गर्ने र आफु उन्नति हुनुपर्छ । आध्यात्मिक र भौतिक अर्थात आर्थिक उन्नति हुनुपर्छ । सबैले बुझ्ने भाषामा भन्ने हो भने पैसा पनि आवश्यक हुन्छ । आजको संसार नै पैसाको भइसकेको छ, आध्यात्मिक उन्नति मात्र भएर पुग्दैन रहेछ । बिना पैसा जीवन सुचारू रूपमा चल्न सक्दैन । आफ्नो आध्यात्मिक र भौतिक अवस्था ठीक भएपछि मात्र अरूको हित र भलो हुने काम गर्नु उत्तम छ । यहाँ आफू मात्र ठीक भए उन्नति भए पुग्छ ठान्नु गलत हुनेछ । तर आफू पहिले तालिम हुनुपर्छ भनेको हो । असल बन्नुपर्छ भनेको हो ।

पालि साहित्यमा उल्लेख भएको छः-

१) बुद्धो सो भगवा बोधाय धम्मं देसेति,
२) तिण्णो सो भगवा तरणाय धम्मं देसेति,
३) दन्तो सो भगवा दमनाय धम्मं देसेति,
४) सन्तो सो भगवा समताय धम्मं देसेति,
५) परिनिब्बुतो सो भगवा परिनिब्बाणाय देसेति ।

**अर्थ** : पहिले आफू बोध भएपछि भगवान् बुद्धले अरूलाई बोध हुने धर्मको उपदेश गर्नुहुन्छ । आफू दुःखबाट मुक्त भएपछि अरूलाई दुःखबाट मुक्त हुने कुरा, धर्मको उपदेश गर्नुहुन्छ । पहिले आफूलाई दमन गरेपछि भगवान् बुद्धले आफ्नो मन दमन गर्नुपर्छ भनी अरूलाई धर्म उपदेश गर्नुहुन्छ । पहिले आफू शान्त बनिसकेपछि मात्र भगवान् बुद्ध अरूलाई शान्त हुनुपर्छ भनी धर्मको उपदेश गर्नुहुन्छ । पहिले आफूले दुःखबाट मुक्त निर्वाण प्राप्त गरेपछि भगवान् बुद्धले दुःखबाट मुक्त निर्वाण प्राप्त हुने धर्मको उपदेश दिनुहुन्छ ।

चार प्रकारका बादल जस्तै व्यक्ति -

१) मेघ गर्जिन्छ तर पानी पर्दैन = मतलब कुरा धेरै हुने तर काम कारवाही शून्य ।
२) पानी पर्छ तर मेघ गर्जिंदैन = काम हुन्छ कुरा नगर्ने ।
३) मेघ पनि गर्जिंदैन पानी पनि पर्दैन = कुरा पनि काम पनि छैन ।
४) बादल गर्जिन्छ पानी पनि पर्छ = कुरा पनि हुन्छ काम पनि हुन्छ ।

मतलब धर्म कथा सुनेअनुसार आचरण पनि गर्ने, असल मान्छे बन्ने, अरूलाई असल मान्छे बन्ने सुझाव दिने मान्छे । १ नम्बरको व्यक्ति खूब भाषण र प्रवचन दिने तर काम कारवाही केही नगर्ने । ♦

# सद्गृहस्थको चारवटा सम्पत्ति



✍ सत्यनारायण गोयन्का

भगवान्ले उहाँको अग्र उपासक गृहपति अनाथपिण्डिकलाई उपदेश दिनु हुँदै भन्नुभयो यी चारैवटा प्रिय, मनोरम र सुखद् अभिलाषाहरूलाई पूर्ति गर्ने चारधर्म साधनहरु पनि छन् जसबाट दुर्लभलाई सुलभ बनाइदिन्छ । यी चारवटा साधनहरु हुन्- श्रद्धा सम्पत्ति, शील-सम्पत्ति, त्याग-सम्पत्ति र प्रज्ञा सम्पत्ति ।

**श्रद्धा-सम्पत्ति** : कोही सम्यक् सम्बुद्धको ज्ञानप्रति श्रद्धा उत्पन्न हुन्छ, उहाँको गुणप्रति श्रद्धा उत्पन्न हुन्छ । ओहो भगवान् तथागत अरहन्त हुनुहुन्छ, सम्यक् सम्बुद्ध हुनुहुन्छ, विद्या आचरण सम्पन्न हुनुहुन्छ, सुगत हुनुहुन्छ, लोकको ज्ञाता हुनुहुन्छ, अनुपम हुनुहुन्छ । बेठिक बाटोमा लागेका व्यक्तिहरूलाई सही बाटो देखाउन कुशल हुनुहुन्छ । देवता र मनुष्यहरूका शास्ता हुनुहुन्छ, आचार्य हुनुहुन्छ । बुद्ध हुनुहुन्छ, भगवान् हुनुहुन्छ । सम्प्रदायविहीन शुद्ध धर्मप्रति श्रद्धा जाग्दछ-धर्म स्पष्ट छ, सुआख्यात छ, सांदृष्टिक छ, अकालिक छ, जो कोहीले पनि यस धर्मलाई अपनाएर-अनुभव गरेर हेर्न सक्छन्, यसले उन्नतितर्फ लैजाने छ र प्रत्येक समझदार व्यक्तिले यसलाई धारण गर्न योग्य छ ।

सन्त समाजको पवित्रताप्रति श्रद्धा जाग्दछ । यी सन्तहरु सुमार्गगामी छन्, ऋजुमार्गगामी छन्, ज्ञानमार्गगामी छन् र समीचीनमार्गगामी छन् । यी सन्तहरु शील, समाधि र प्रज्ञामा प्रतिष्ठित भएर अनार्यबाट आर्य बनिसके, निर्वाणलाई देखिसके । त्यसैले यिनीहरु सन्त छन्, निर्मल चित्त भएकाहरु हुन् । यसैकारणले उनीहरु पूज्य छन्, वन्दना गर्नलायक छन्, अथिति मान्न लायकका छन्, दक्षिणा दिनयोग्य छन् । लोकमा यी अनुपम पूण्य-क्षेत्र हुन् । सद्गृहस्थ जब श्रद्धा सम्पत्तिबाट सम्पन्न हुन्छ तब उसको चित्तको कठोरता कम हुन्छ, उनमा मृदुलता आउँदछ । कटुता कम हुन्छ र मधुरता आउँछ । कुटिलता कम हुन्छ र सरलता आउँछ । यस्तो व्यक्तिले अरूलाई धोखा दिएर सम्पत्ति बटुल्न सक्दैन । धर्मपूर्वक नै सम्पत्ति आर्जन गर्दछ र धन कमाउन सफल रहन्छ ।

**शील सम्पत्ति** : शील सम्पन्न रहेको सद्गृहस्थले कुनै पनि प्राणीको हत्या गर्दैन, चोरी गर्दैन, व्यभिचार गर्दैन, झूठो बोल्दैन, मादक पदार्थको सेवन गर्दैन । शरीर तथा वाणीबाट यस्तो कुनै दुष्कर्म गर्दैन जुन काम गर्नाले अरूले निन्दा गर्छ । यसकारण शील सम्पन्न व्यक्ति अपयश हुनुबाट बच्दछ र यश सम्पन्न नै हुन्छ ।

**त्याग सम्पत्ति** : सद्गृहस्थले केवल संचय गर्न, संग्रह गर्न र परिग्रह गर्नका लागि मात्र धन कमाउँदैन । ऊ मात्सर्यरहित चित्तको जीवन जिउँदछ । उसले आफ्नो कमाईलाई संविभाग गर्दछ । त्यसलाई बाँट्छ । प्रसन्न चित्तले स्वच्छ मनले, खुल्ला हातले दान दिन्छ । यही नै एकजना सद्गृहस्थको दान सम्पत्ति हो । यसरी सम्पन्न भएर जब कोही सत्पुरूषलाई भोजन, वस्त्र, औषधि, निवास आदिको दान दिन्छ तब आयुबलको नै दान दिन्छ र त्यसको फलस्वरूप उसलाई पनि आयुबल नै प्राप्त हुन्छ । ऊ दीर्घजीवी हुनुको साथै स्वस्थ रहन्छ ।

**प्रज्ञा सम्पत्ति** : सद्गृहस्थ शील सदाचारको जीवन जिएर चित्तलाई एकाग्र गर्ने अभ्यास गर्दछ र कायमा कायानुपश्यना, वेदनामा वेदनानुपश्यना, चित्तमा चित्तानुपश्यना र धर्ममा धर्मानुपश्यना गर्दछ । यसरी अन्तरर्मुखी भएर विपश्यनाको अभ्यास गऱ्यो भने थाहापाउँदछ कि कसरी समय-समयमा पाँच प्रकारका आवरण-नीवरणहरु बाधा बनेर उसको चित्तमा छाउँछन्, मानौं पाँचैजना दुश्मन टाउकोमा चढेको छ । उसले थाहापाउँदछ कि कहिले काहीं चित्तमा लोभ छाउँदछ र त्यसको कारण गर्न नहुने काम गर्न पुग्दछ । जुन गर्नुपर्ने हो त्यो गर्न सक्दैन । अकरणीय काम गर्नाले र करणीय काम नगर्नाले उसको सुख र ऐश्वर्यमा हानी पुग्दछ । त्यस्तै यदि चित्त द्वेष र दौर्मनस्यले भरेको छ भने पनि यस्तै हुन्छ । अथवा चित्त अल्छी र प्रमादले भरेको छ भने पनि अथवा बेचैनी र आत्मग्लानिले भरेको छ अथवा शंका र सन्देहले भरेको छ भने पनि त्यस्तै हुन्छ । विपश्यी गृहस्थ श्रावक समय-समयमा प्रकट हुने यी पाँचैवटा आवरण-नीवरणहरूलाई दुश्मनको रूपमा चिन्दछ र बुझ्दछ कि यी चित्तका क्लेश हुन्, मयल हुन् । यसरी बुझेर त्यसलाई प्रयत्नपूर्वक हटाउँछ । यी नीवरणहरूलाई नियालेर स्थूल-स्थूल सत्यको दर्शन गर्दछ र त्यसलाई विभाजन, विघटन, विश्लेषण गर्दै सूक्ष्म सत्यलाई साक्षात्कार गर्दछ र परम सत्य निर्वाणको दर्शन गर्दछ । अनार्यबाट आर्य बन्दछ । यस्तो सद्गृहस्थलाई महाप्रज्ञ भनिन्छ । पृथप्रज्ञ भनिन्छ । यस्तो व्यक्ति प्रज्ञा-सम्पदाबाट सम्पन्न हुन्छ ।

प्रज्ञाको आधारमा परमसत्यको मार्गमा अघि बढेको साधक अपायगति अधोगतितर्फ लैजाने आफ्ना सबै कर्म संस्कारहरूलाई क्षय गर्दछ । निर्वाणलाई साक्षात्कार गरेर गृहस्थ जब श्रोतापन्न बन्दछ, मुक्तिको श्रोतमा पर्दछ तब अधोगतिबाट पूर्णतया छुटकारा पाउँदछ । उनको जति जन्म बाँकी रहेको छ त्यो माथिको लोकको नै हुन्छ । यस प्रकार प्रज्ञामा पुष्ट भएर गृहस्थ आफ्नो सद्गतिको बारेमा निश्चित र आश्वस्त हुन्छ । यसरी श्रद्धा, शील, दान र प्रज्ञाद्वारा सद्गृहस्थले आफ्नो चारैवटा अभिलाषाहरु सजिलै पूरा गर्दछ र दुर्लभलाई सुलभ बनाउँदछ । ♦

# हाम्रा धर्महरूमा अवैज्ञानिक प्रसंगहरू किन ?



✍ डा. गणेश माली

संसारका चार प्रमुख धर्महरू हुन् - बुद्धधर्म, हिन्दू धर्म, इशाई धर्म र इस्लाम धर्म । यी चारैवटा धर्महरूमा धेरै वा थोरै मात्रामा अवैज्ञानिक प्रसंगहरू पाइन्छन् । यसो किन हुन गयो ?

पाशविक प्रवृत्तियुक्त, अज्ञानी, जंगली स्वभावका दुःख संतप्त मानव जातिलाई ज्ञानी, सभ्य स्वभावका सुखी मानव जाति बनाउने उद्देश्यले धर्महरू बनेका हुन् ।

प्रायः सबैजसो धर्महरूले सक्दो मात्रामा विश्व, पृथ्वी, मानवजातिको उत्पत्ति र विकास, जन्म र मृत्यु, सुख र दुःख पृथ्वीमा भइरहने परिवर्तनहरू आदिबारे ज्ञान दिन खोजेका छन् ।

साथै धर्महरूले मानव जीवनमा नैतिकता ल्याई शान्ति, समृद्धि र एकता स्थापना गर्न तथा मानव मात्रलाई दुःखबाट त्राण दिने उद्देश्य लिएर नीति नियमहरू बनाई मानव समाजलाई एक सूत्रमा बाँध्ने प्रयत्न पनि गरेका छन् ।

मान्छेले मान्छेप्रति गर्नुपर्ने सद्व्यवहार तथा नैतिकता पक्षमा प्रायः सबैजसो धर्महरूमा समानता पाइन्छ । जस्तै धैर्यधारण, सहनशीलता, मैत्री, करूणा, शीलपालन, काम, क्रोध, लोभमाथि विजय, अप्रमाद, प्रज्ञा, विद्या, सत्य आदिबारे सबै धर्महरूमा एकरूपता पाइन्छ ।

तर दृश्य जगत अर्थात् विश्व ब्रह्माण्ड, प्रकृति, पृथ्वी, परिवर्तन, खगोल, मानवजातिको उत्पत्ति तथा विकास, जन्म र मृत्यु, सुख र दुःख आदिबारे ज्ञान दिने विषयमा भने धर्मै पिच्छे आफ्नो आफ्नो प्रकारका दृष्टिकोणहरू पाइन्छन् ।

आजभन्दा करीब १५०० वर्षदेखि ६००० वर्ष अगाडिको समयभित्र जतिखेर यी प्रमुख धर्महरूको प्रवर्तन वा विकास भैरहेका थिए, त्यतिखेर विज्ञान शैशववस्थामै थियो । विज्ञानको उल्लेखनीय विकास करीब ५।६ सय वर्ष अघिदेखि मात्रै हुनगएको, अझ आधुनिक विज्ञानको विकास त करीब दुइसय वर्ष अघिदेखि मात्रै भएको हो ।

यसकारण धर्महरूमा विशेष गरी विश्व, पृथ्वी, मानव जीवन, जन्म-मृत्यु, परिवर्तनहरू आदिबारे ज्ञान दिने बारेमा अवैज्ञानिक प्रसंगहरू रहन जानु अस्वाभाविक मान्न सकिन्न ।

धर्महरूमा अवैज्ञानिक प्रसंगहरू रहन गएका केही विषयहरू तल छोटकरीमा उल्लेख गरिन्छ -

१) **बिश्वको उत्पत्ति र विकासबारे** :

यसबारे विज्ञानले महा विस्फोटको सिद्धान्त (Big Bang Theory) लाई अघि सारेको छ भने विभिन्न धर्महरूले यसबारे कपोलकल्पित कथाहरू सिर्जना गरेका छन् ।

२) **पृथ्वीमा मानव जाति तथा अन्य प्राणीहरुको उत्पत्ति र विकासबारे** :

यस विषयमा विज्ञानले विकासवाद र वंशानुक्रमको सिद्धान्त (Theory of Evolution and Heredity) अघि सारेको छ । धर्महरले यसबारे अठोटको भरमा कल्पित कथाहरू प्रचारप्रसार गर्दै आएका छन् ।

३) **जन्म-मृत्यु र गर्भाधान प्रकृयाबारे** :

विज्ञानले जीवकोषहरू, तन्तुहरू र प्रणालीहरूको संयुक्त परस्परमा सम्बन्धित कार्य संचालन प्रकृयाबाट जन्म, शारीरिक विकास, मृत्यु तथा गर्भाधान प्रकृयाहरू संचालन हुनेबारे व्याख्या गरेको छ भने धर्महरूले यी प्रकृयाहरूबारे अनुमानित काल्पनिक तत्वहरूको आधारमा कथाहरू प्रचार गरेका छन् ।

४) **पृथ्वीलगायत विश्वमा भइरहेका परिवर्तनहरूबारे** :

विज्ञानले हेतुवाद (Causality) तथा कार्य-कारण श्रृंखला (Cause and Effect Relationship) को आधारमा परिवर्तनका नियमहरू पत्ता लगाएको छ । बुद्ध धर्ममा पनि विज्ञानले जस्तै हेतुवाद र प्रतीत्यसमुत्पाद सत्यको आधारमा परिवर्तनहरू व्याख्या गरिएको छ । अन्य धर्महरूमा भने एउटा सर्वव्यापी सर्वशक्ति सम्पन्न तत्वको परिकल्पना गरी त्यही तत्वको मर्जीमुताविक सबकुछ भैरहेको अनुमान लगाएका छन् ।

सर्वशक्ति सम्पन्न तत्वको आधारमा व्याख्या गर्ने सिलसिलामा अनेक कपोकल्पित देव दानवादिहरू तथा

तिनीहरूबाट भइरहने चमत्कारपूर्ण अमानवीय पराप्राकृतिक कथाहरू पनि सृजना गरिएका छन् । यस्ता कहानीहरू नै अधिकांश मात्रामा अन्धविश्वासहरूको मूल श्रोत पनि बनेका छन् ।

**५) प्राणीत्वले बसोबास गर्ने बासस्थान बारे :**

हालसम्म विज्ञानले पृथ्वी मात्रै एउटा यस्तो स्थल भेट्टाएको छ, जहाँ उपयुक्त हावापानी र तापक्रमको कारण जीवन (प्राणी) हरू बसोबास गर्न सक्छन् । तर धर्महरूले पृथ्वी बाहेक अन्य लोकहरू (जस्तै स्वर्ग, नरक इत्यादि) र भुवनहरूको कल्पना गरेका छन्, जहाँ अनेक प्रकारका प्राणीहरू रहन्छन् ।

**६) महामानवहरूको जीवनी बारे :**

महामानवहरूको जीवनीलाई धर्महरूले साधारण जीवनहरूबाट भिन्न आकर्षक अतिरंजित बनाएका छन् । जबकि विज्ञानको दृष्टिकोणमा प्राकृतिक नियमअनुसार नै जीवन चक्र अघि बढ्दै गएको प्रमाणित गरेको छ ।

**७) चमत्कारहरू बारे :**

पृथ्वीमा सबै गर्ने, नगर्ने वा अन्यथा गर्नसक्ने सर्वेसर्वा तत्वको आधारमा धर्महरूमा अनेक चमत्कारपूर्ण कथाहरू जडिएका हुन्छन् जबकि विज्ञानको दृष्टिकोणमा कार्यकारण श्रृंखला विपरीत कुनैपनि चमत्कार संभव हुँदैन ।

धर्महरूको साथै चलिआइरहेको अतीव श्रद्धा र विश्वासको कारण, आजभोलिको वैज्ञानिक युगमा पनि, परम्परागत धर्ममा हुने गरेका अवैज्ञानिक प्रसंगहरूले मानव समाजमा स्थान ओगटी रहेकै छ ।

निरीक्षण, परीक्षण तथा प्रयोगहरूको आधारमा खारिँदै आएका वैज्ञानिक ज्ञानको सामुन्ने अधिकांश धर्महरू सँगै आउने गरेका अवैज्ञानिक प्रसंगहरूले हार मान्नुपर्ने स्थिति पनि सृजना भैइरहेको हामी देख्न सक्छौं ।

मानव समाजमा शान्ति र समृद्धि कायम गर्न धर्महरूका नैतिक पक्षहरू र अत्यावश्यक छँदैछ तर विश्व, पृथ्वीलगायत मानव जीवनको व्याख्या गर्ने क्रममा त धर्महरूका ज्ञान पक्षका अवैज्ञानिक प्रसंगयुक्त कथाकहानीहरूलाई के धर्महरूमा संशोधन गर्ने मानसिकता समाजमा विकसित होला ? अथवा पुराना अवैज्ञानिक प्रसंगयुक्त धर्महरूको सट्टामा नयाँ वैज्ञानिक धर्मको खोजको पक्षमा मानव समाज लाग्ला ? यी प्रश्नहरूको समाधान भविष्यको गर्भभित्र नै छ । ♦


सम्झनुहोस्

सुरक्षित बचत, उच्च प्रतिफल एवं सरल कर्जाको लागि

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**

**संस्थाद्वारा निर्धारित ब्याजदर**

| निक्षेपतर्फ | | ब्याजदर |
|---|---|---|
| १. बचत खाता | | ९% |
| २. मुद्दती खाता | त्रैमासिक | एकमुष्ठ |
| ६ महिना | ९.५०% | १०% |
| १ वर्ष | १२% | १२.५०% |
| २ वर्ष | १२.५०% | १३% |
| ३ वर्ष | १३% | १४% |

३ वर्ष भन्दा बढी अवधिको लागि आपसी समझदारीमा ब्याजदर तय गरिनेछ ।

२ वर्ष भन्दा बढी अवधिको लागि रू. २ लाख भन्दा बढी रकम राखेमा मासिक रूपमा १३% का दरले ब्याज प्रदान गरिनेछ ।

**३. दोब्बर भुक्तानी योजना**

यस योजना अन्तर्गत ५ वर्ष मुद्दतीमा साँवाको एकमुष्ट दोब्बर भुक्तानी गरिनेछ । यसमा लाग्ने ब्याज कर संस्थाले ब्याहोरिदिने छ ।

**४. ज्येष्ठ नागरिक पेन्सन योजना**

यस योजनामा सरिक हुनेलाई प्रत्येक महिना तोकिएको निर्धारित रकम प्रदान गरिनेछ, साथै दशैं खर्चको रूपमा एक महिना बराबरको थप रकम समेत प्रदान गरिनेछ र यसमा लाग्ने ब्याज कर संस्थाले ब्यहोरिदिने छ।

| ऋणतर्फ | ब्याजदर |
|---|---|
| १. विभिन्न कर्जा | १९% |
| २. व्यवस्थापन शुल्क | ३% |

(भुक्तानी म्यादभित्र चुक्ता गरेमा १% फिर्ता हुने)

३. मुद्दती रसिद धितोमा प्रदान गरेको ब्याजदरमा

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**

बागबजार, काठमाडौं ३१, फोन : ०१-४२१९२५२

# परियत्ति शिक्षाले ममा ल्याएको परिवर्तन



✍ प्रमिला महर्जन

संसारमा मनुष्य भएर जन्म लिनु दुर्लभ कुरा हो । भगवान् बुद्ध स्वयं आफैले भन्नुभएको छ कि "मनुस्स भावो दुल्लभो" अर्थात् मनुष्य भएर जन्म लिनु एकदम दुर्लभ छ । यस संसारमा जन्मने मानिसहरू कोही राम्रो कामको लागि जन्मन्छन् त कोही नराम्रो कामको लागि जन्मन्छन् । सबै राम्रो कामकै लागि जन्मन्छन् भन्ने छैन । जन्मने वित्तिकै कसैलाई पनि राम्रो र नराम्रो ज्ञान बारे थाहा हुँदैन । त्यस्तै मैले पनि राम्रो र नराम्रो बारे विहारमा गएर भन्तेहरूले पढाउनुभएको बौद्ध परियत्ति शिक्षाबाट थाहा पाएँ । सुमेध तपश्वीले दीपंकर बुद्धसँग भविष्यमा बुद्ध हुन प्रार्थना गरी चारअसंख्य एकलाख कल्पसम्म दुःख कष्ट गरी तीसपारमिता पूरा गरी बोधिसत्व सिद्धार्थ कुमारले बुद्धगयामा बुद्धत्व प्राप्त गर्नुभएपछि ४५ वर्षसम्म बहुजनहित र सुखको लागि विभिन्न उपदेशात्मक ज्ञानयुक्त शिक्षा प्रचार गर्नुभयो । वास्तवमा यसै शिक्षालाई नै परियत्ति शिक्षा भनिन्छ । वि. सं. २०१९ सालमा त्रिशुलीबाट सुरू भएको नेपाल बौद्ध परियत्ति शिक्षा अखिल नेपाल भिक्षुसंघबाट सञ्चालन भइरहेको छ । बौद्ध परियत्ति शिक्षा बुद्ध, धर्म र बौद्ध संस्कृतिमा आधारित ब्यक्तिको चरित्र निर्माण गर्ने व्यवहारिक शिक्षा हो । यो शिक्षा मैले २/३ वर्षअघि मात्र आफ्नो घर नजिकको विहारमा पढ्न पाएँ, त्यो नै मेरो सौभाग्यको कुरा हो र आज परियत्ति शिक्षाले आफूमा ल्याएको परिवर्तन शीर्षकको विषयमा आफ्नो अनुभव लेख्न पाउँदा एकदम आनन्दित र गौरवान्वित महसुस गरिरहेको छु ।



मानिस आफू सक्षम र शिक्षित हुन विभिन्न औपचारिक र अनौपचारिक शिक्षा हासिल गर्छन् । यी विद्यालयको शिक्षाले मानिसको बौद्धिकस्तर त वृद्धि गर्लान् तर उसको नैतिकता र चरित्रमा त्यति विकास गर्दैन जति परियत्ति शिक्षाले गर्छ । भगवान् बुद्धले मंगल सूत्रमा देशना गर्नुभएको छ कि "बाहु सच्चञ्च सिप्पञ्च.... एतं मंगल मुत्तमं" अर्थात् बहुश्रुत हुनु र शिल्पविद्या सिक्नु मंगल कार्य हुन् । एउटा विद्यार्थीको चरित्र-निर्माण र आध्यात्मिक विकासका लागि परियत्ति शिक्षा बहुश्रुत हुनसक्छ भने विद्यालयस्तरको शिक्षा आफ्नो जीविकोपार्जन र आयआर्जनको लागि स्रोत हुनसक्छ ।

परियत्ति शिक्षा एउटा व्यवहारिक शिक्षा हो । यसले हामीलाई नैतिकवान बनाइदिन्छ भने अर्कोतिर यो ब्यक्तित्व विकासको आधारशीला पनि हो । परियत्ति शिक्षा पढेर मैले धेरै कुरा सिकेकी छु जसले गर्दा मेरो व्यवहारमा परिवर्तन आएको अनुभव छ । भगवान् बुद्धले धम्मपदमा आज्ञा गर्नुभएको छ- अर्थरहित हजार श्लोक पढ्नुभन्दा अर्थसहित शान्ति प्राप्तहुने एकवटा श्लोक पढ्नु वेश हुन्छ । मेरो जीवनमा पनि यस्तै भयो कि आजसम्म १५/१६ वर्ष लगाएर जति पनि स्कूलमा पढें, त्यसले आफ्नो जीवनमा खासै सुखी बनाउने ज्ञान प्राप्त गर्न सकिनं जति परियत्ति २/३ वर्षमा दुईचार किताब पढेर प्राप्त गरें । हामी विद्यालयमा पढ्दा अरूसँग कसरी प्रतिस्पर्धा गरी आफू अगाडि बढ्ने भन्ने बारे मात्र जोड दिएर पढ्छौं तर परियत्ति पढ्न सुरू गरेदेखि आफुले आफैलाई जित्नुपर्ने एउटा ठूलो कुरा राम्रोसँग सिकें ।

यदि मैले परियत्ति शिक्षा नपढेको भए हाम्रो जीवन भनेको के हो, मानिस भएर जन्मनु कति गाह्रो छ र यसको सदुपयोग गर्ने हामी कति संयमित हुनुपर्छ भन्ने कुरा थाहा पाउँदिनथें । हाम्रो जीवन भनेको एकदम अनिश्चित छ । आज के हुन्छ, भोलि के हुन्छ केही थाहा हुँदैन । यस्तो कुरा विचार गर्दा हामीलाई डरत्रास लाग्न सक्छ तर परियत्ति शिक्षाले यसप्रति निडर हुन एउटा ठूलो औषधि दिएको छ । जुन औषधि हामीले अटूटरूपमा सधैं हाम्रो व्यवहारमा उतार्ने हो भने जुनसुकै बेला जस्तोसुकै

परिस्थितिमा पनि डराउनु पर्दैन अझ बेला न कुबेला आउने काललाई पनि हाँसी हाँसी Hi ! Hello Welcome ! गरी स्वीकार्न सक्छौं ।

परियत्ति शिक्षाले मेरो जीवनमा निकै सुधार ल्याएको छ । अहिले ममा आफ्नो रिसलाई आफ्नो नियन्त्रणमा लिनसक्ने क्षमतामा वृद्धि भएको छ । त्यस्तै पहिला कोसँग कस्तो व्यवहार गर्नुपर्छ केही थाहा थिएन अब कोसँग कस्तो व्यवहार गर्नुपर्छ भन्ने थाहा भयो । म मा सहनशीलता र मित्रवत व्यवहार वृद्धि भएको छ । त्यस्तै त्यागी हुने अथवा त्याग गर्नेमा अलि सुधार भएको छ । परियत्ति शिक्षा कक्षा १ मा रहेको भगवान् बुद्धको संक्षिप्त ३ शिक्षा पाप कर्म नगर्ने, कुशल कर्म वृद्धि गर्ने र आफ्नो मनलाई शुद्ध गर्ने, यी तीन शिक्षालाई मात्र आफ्नो व्यवहारमा उतार्न सक्छौं भने पक्कै हाम्रो दुर्गति हुँदैन भन्ने कुरा पनि थाहा पाएं । आजकलको समाजलाई मात्र हेर्ने हो भने पछि अरूलाई मार्ने, चोरी गर्ने, व्यभिचार गर्ने झुठो बोल्ने र जांड रक्सीजस्ता नशालु पदार्थ पिउने आदिलाई नै धर्म हो भनेर भ्रममा बस्ने पनि कम छैन । साँच्चैको धर्म भनेर त आफू राम्रो भएर अरूलाई पनि राम्रो बनाउनु हो । आफ्नो जीवनमा राम्रो, असल काम गरी जीवन सुधार गरी अरूलाई पनि सहयोग गर्नु हो । पहिला जोसँग बोल्नुपरे पनि कसरी बोल्ने र कस्तो व्यवहार गर्नुपर्छ भन्ने केही थाहा थिएन तर जब विहारमा गएं अनि भन्तेहरूको संगत गरेर आफ्नो बोलिवचन र व्यवहारमा व्यापक परिवर्तन आएको अनुभव छ । अब आएर आफूभन्दा ठूलालाई आदर राखेर बोल्ने अनि आफूभन्दा सानालाई माया गरेर बोल्नुपर्ने व्यवहारमा उतार्नुपर्ने मानिसमा हुनुपर्ने एक ठूलो अनुशासनको बारेमा पनि यही परियत्ति शिक्षा पढेर पाएं । त्यस्तै अष्टलोक धर्म अर्थात् सुख-दुःख, लाभ-अलाभ, यस-अपयस, निन्दा-प्रशंसा आदि बारे पनि ज्ञान पाएं । हामी मान्छे भएर सुखमा मात्तिने र दुःख हुँदा आत्तिने गर्छौं । त्यस्तै कसैले प्रशंसा गर्दा दुःख भएर रीस प्रकट गर्ने गर्छौं । तर यस्तो गर्नु हुँदैन हामी जहिले मध्यमार्गी भएर बस्नुपर्छ र आफ्नो चित्तलाई स्थीर राख्नुपर्छ भन्ने कुरा थाहा पाएं ।

परियत्ति शिक्षाले व्यक्तिको चरित्र निर्माण कार्यमा मदत गर्छ भने अर्कोतिर यो व्यक्तित्व विकासको आधारशीला पनि हो । घुसखोरी, हत्याहिंसा, अराजकताले जरा गाडेको आजको समाजमा परियत्ति शिक्षाको महत्व निकै छ । परियत्ति शिक्षा कुनै जाति विशेष वा सम्प्रदाय विशेषका लागि होइन यो त सर्वकालीन सर्वहितैषी र सार्वजनिक मानव कल्याणकारी शिक्षा हो । असल आचारणले सम्पन्न जनशक्ति भएको समाज, देश, विकाशको महत्वपूर्ण पूर्वाधार हो । यदि देश विकासको नाउँमा भौतिक विकासलाई मात्र ध्यान दिने र असल मानवीय गुणलाई ध्यान नदिने हो भने त्यो विकास खतरामा पर्न सक्छ । देशका जनताले न्यायोचित विकास पाउन सक्दैन । परियत्ति शिक्षा नबुझ्ने हो र विज्ञानसम्मत जीवनोपयोगी शिक्षा उपयोगी नगर्ने हो भने भविष्य खोज्ने कहाँ ?

परियत्ति शिक्षा भगवान् बुद्धको नैतिक शिक्षा हो । खालि पढेर मात्रै पक्कै पुग्दैन । यदि परियत्ति पढेर आफ्नो जीवन सफल बनाउने हो भने आफूले सिकेको ज्ञान र शीप आफ्नो जीवन सफल बनाउने हो भने आफुले सिकेको ज्ञान र शीप आफ्नो व्यवहारमा उतार्न प्रयासरत हुनुपर्छ । यदि परियत्ति पढेर पनि बुद्धशिक्षा सिकेर पनि आफ्नो व्यवहारमा सुधारात्मक परिवर्तन नल्याउने हो भने त्यसलाई शिक्षित व्यक्ति भनिंदैन भगवान् बुद्धको उपदेश रकेको छ ।

त्यसैले परियत्ति शिक्षा आँखा हो । जसरी यो संसार हेर्न हाम्रो बाहिरी आँखाको जरूरत पर्दछ त्यस्तै हाम्रो जीवन सफल बनाउन परियत्तिरूपी आँखा चाहिन्छ । त्यसैले भनिन्छ परियत्ति भनेको आँखा हो, प्रतिपत्ति भनेको हेर्नु र प्रतिवेध भनेको देख्नु हो । यदि आँखा नै छैन भने कसरी हेर्ने ? जसरी प्रकाशले अन्धकारलाई हटाउने गर्छ, त्यस्तै मेरो जीवनका ती अँध्यारा पलहरू पन्छाउन मैनबत्तिरूपी परियत्तिले सहयोग गरेको छ । त्यसैले यो मेरो जीवनको एउटा उत्तम साथी हो जसलाई म जहाँ पनि लानसक्छु र जसलाई पनि सिकाउन सक्छु । त्यसैले सबैले परियत्ति पढ्न जरूरी छ । आज परियत्तिकै कारण म यस प्रतियोगितामा भाग लिई आफ्नो अनुभव लेख्न सकिरहेको छु, यो पनि मेरो जीवनमा देखिएको परिवर्तन हो । यो शिक्षा जसले पढेपनि हुन्छ । यसको लागि उमेरको, कुनै वर्गको र जुनसुकै विचारधाराको मानिस भएपनि हुन्छ र यो सबैलाई अति आवश्यक छ ।

*(प्रस्तुत निबन्ध बिसौं अमृतानन्द गुणानुस्मरण दिवसको उपलक्ष्यमा अमृत बौद्ध परियत्ति केन्द्र, आनन्दकुटी विहार तथा बुद्ध जयन्ती समारोह समिति, काठमाडौंको आयोजनामा सम्पन्न खुला निबन्ध प्रतियोगितामा प्रथमस्थान प्राप्त गर्न सफल निबन्ध हो । उहाँ बौद्ध शान्ति परियति केन्द्र, बुलुका हुनुहुन्छ । यसबोर समाचार अन्तिम कभरपृष्ठमा प्रकाशित भएको छ । सो निबन्ध प्रतियोगितामा निर्णायक मण्डलमा भिक्षु कोण्डन्य, त्रिरत्न मानन्धर, सुश्री अमिता धाख्वा हुनुहुन्थ्यो । - सं.)*

प्रेरक-प्रसङ्ग

# जीवन फूल कि काँडा ?

- राजु क्षेत्री
विश्वशान्ति स्तूपा, पोखरा
chhetri_raju@yahoo.com

जीवनका समान परिभाषा छैनन् । तपाइले कसरी जीउनु भयो जीवन ? जसरी जीउनु भयो, जीवनको भोग जसरी गर्नुभयो, त्यही आधारमा जीवनको परिभाषा गर्न रूचाउनुहुन्छ होला ।

जसको जीवन यात्रा फूलका पत्रजस्तै कोमल रहे, हिउँजस्तै स्निग्ध रहे र सदा हराभरा वासन्तिक रहे, शायद निले जीवनलाई कहिल्यै काँडाका रूपमा व्याख्या गर्न सक्दैनन् । जसको जीवन काँडैकाँडाबीचको दुष्कर यात्राबीच चलिरह्यो, दुःख, पीडा र वेदनाका बज्रपात सहँदै गुज्रिरह्यो, शायद उसका लागि जीवन फूलजस्तै भन्नु महान् व्यंग्य मात्रै हुनेछ ।



दुनियाँका हरेक मानिसहरूसँग जीवनका फरक अनुभूति छन् । जीवन यात्राका आफ्नै गोरेटोमा हिंडिरहेका छन् मानिसहरु । अझ भनौं, गोरेटो बनाउँदै आफ्नै संसार निर्माण गर्न हिंडिरहेका छन् मानिसहरु ।

जीवन के हो ? भोगाइ हो यो । के हो यसको परिभाषा ? भोगाइको संश्लेषण हो यो ।

म झमक घिमिरेको जीवनको बारेमा पढ्दैछु । उनले भारिभाषा गरेको जीवनभित्र डुबुल्की मार्दैछु । उनको 'जीवन काँडा कि फूल' नामक पुस्तक भर्खर बजारमा आएको छ । शान्त र एकान्त ठाउँमा बसेर यो पुस्तक पढ्ने हतारोले राजधानीको व्यस्त दैनिकी पन्छाउँदै पोखरातिर हानिए । पोखरा बजारको छेऊमा मेरो घ छ । घरभन्दामाथि प्रख्यात पर्यटकीय विश्व शान्ति स्तुप छ् । स्तुपको नगिचै मेरो मित्र ईश्वरको रिसोर्ट छ । पोखरा, फेवाताले........ सम्म फैलिएको पहाड र उत्तरमा चम्किरहेका स्फटिकजस्ता हिमाली श्रृंखला एकैसाथ हेर्न मिल्ने गरी परम्परा र आधुनिक शैलीको मिश्रण गरी बनाइएको सुन्दर रिसोर्ट ।

मिडियामा रहने, मिडियाप्रति रूची राख्ने र साहित्यका पाठक समेतले मन पराएको व्यक्तित्व हो, झमक घिमिरे, माया गरिएको, स्नेह गरिएको नाम हो यो । उनको भौतिक अवस्थाका कारण पनि ममताले स्पर्श गरिएको नाम हो यो । उनको पुस्तक बोकेर म गाउँतिर उक्लेको छु ।

मेरो गाउँमा झमकजस्तै अपाङ्ग भाई छन् । उनको दुई दशक लामो जीवन काठको बार बन्धनभित्रै जकडिएको छ । उनका हजुरबुबा पण्डित हुन् । बुबा सरकारी जागिरे । यो अपाङ्ग बच्चाभित्र फरक खालको सपाङ्गता छ कि भनेर कहिल्यै सोचिएन । ऊ एउटा मानिस हो र जीवन छ उसको पनि, उसका पनि सपना होलान्, ऊभित्र गुम्फित र अप्रष्फुटित सपनालाई बाहिर ल्याइदिन केही गरौं भनेर शायद कहिल्यै सोचिएन कि ? बरू ऊ राज्यको परिभाषाभित्र एउटा असहाय मान्छे थियो र उसको परिचय सरकारी मानो पाउने अपाङ्गका रूपमा सीमित गरिदैछ ।

मैले झमकको पुस्तक देखाउँदै यो उनीहरूको छोराजस्तै अपाङ्गले आफै लेखेको 'बायोग्राफी' हो भने । उनीहरूले 'ए, हो ! मात्र भने । हाम्रो छोरा पनि झमक जस्तै राष्ट्रको परिचय हुनसक्छ भनेर सोच्नै सक्दैनन् । त्यसरी पनि सोचिनुपर्छ भन्ने कुरा कहिल्यै ख्याल हुँदैन उनीहरूलाई । म झमकभित्र पसेर फरक जीवनको अनुभूति गर्दैछु । मेरो एकाग्रता भङ्ग गर्दै छोरी सन्ध्या

स्कुल ड्रेसमै मलाई खोज्दै आइपुग्छे । खै, कसले भनिदियो म यहाँ बसेर पढेको कुरा । उसकी आमाले भनी होलिन्, जुन सरकारी स्कुलमा उनले पढाउँछिन्, त्यहीं पढ्छिन मेरी छोरी ।

मेरी छोरी बहिरी छिन् । मान्छेहरु लाटी पनि भन्छन् तर बहिरी मात्र हुन् । म घरमा कम बस्ने मान्छे । आफ्नो बाबुको मायाको अभावले उनी मलाई खोज्दै आएकी होलिन् यहाँसम्म । उनले आफू पनि मसँगै बस्ने कुरा गरिन् र त्यो रात हामीसँग बस्यो । घरमा मेरो अर्को बच्चा पनि छ, छोरा संगम । ऊ पनि बहिरो छ । यी दुई बच्चाहरु ईश्वरका बरदान हुन् । 'एकैनासका बहिरा' मानिसहरु यसै भन्छन् । यी कति सुन्दर छन् भने फूलबारीका फूलहरु फिक्का लाग्लान् यिनका सामू ।

मैले २४ घण्टा लगाएर झमकको पुस्तक पढें । सामान्य मानिसको भोगाइभन्दा फकर छ उनको जीवन । सामान्य मानिसको अनुमानभन्दा फरक छ उनको जीवन-संघर्ष । के एउटा अपाङ्गले जीवनलाई यसरी पनि सार्थक बनाउन सक्छ ? यो पुस्तक ती मानिसका लागि प्रेरणा हुनसक्छ, जसका सन्तान जन्मँदै अपाङ्ग छन् र तिनले आफ्ना सन्तानको आन्तरिक क्षमतालाई अनुमानसम्म गर्न सकेका छैनन् । अनि यो पुस्तक ती मान्छे जो सपाङ्ग भएर पनि आफ्ना अङ्गहरु बेकाम बनाइराखेका छन्, केही गर्नका लागि एउटा चुनौती हुन् झमक ।

म केहीबेर आफ्नै विगततिर फर्कन अनुमति चाहन्छु ।

१२ वर्षअघि स्नातकको पढाइ ब्रेक गरेर म बारीमा तरकारी खेती गर्दै थिएँ । मैले मल बोकेर खेतमा जाँदा होटलमा बसेर तास खेल्दै समय बिताउनेहरु 'यो त फुस्केछ' भन्थे । हास्यपात्र बनाईन्थे म । पटकपटक अपमानित हुनुपर्‍यो श्रम गरेकै कारण । सामाजिक दायादको भागिदारी जस्तो, अपारधबोधजस्तो हुनथाल्यो म आफैलाई र मैले त्यो काम त्यत्तिकै छोडिदिए । ती मानिसहरु १२ वर्षअघि पनि जुवा नै खलेर समय बिताउँथे, अहिले पनि त्यही गर्छन् ।

तासको खेलबाट सुरु गरी रक्सीको गिलासमा दिनको अन्त गर्ने यस्तो समाजका प्रतिनिधि पात्र हुन् मेरो गाउँमा रहेका ती अपाङ्ग भाइका बाबुबाजेहरु । उनीह ठान्छन्, यो चाँडो मरोस्, यो भार हो जीन्दगीको । अघिल्लो जन्मको ऋण असुल्न आएको ।

समाजका सचेत भनिएका मानिसका चेतना नै अपाङ्ग छन् । देख्दा सग्ला छन् तर पक्षघातले विक्षिप्त भएका छन् तिनका चेतनाहरु । गरिबीबाट मुक्तिको सपना बोकेर तासको खेलमा पस्ने र निराश भएर रक्सीका गिलासमा पोखिने आम चेतना छ मेरो समाजको । अनि ती मानिसहरुलाई झमक घिमिरे भन्ने मान्छेसँग के लिनु दिनु, किन पढ्नुपर्‍यो झमक घिमिरे उनीहरुलाई छोराछोरी अपाङ्ग भए राज्यसँग दुहुन पाइन्छ भनेर बुझ्ने समाजमा किन झमकको संघर्षलाई प्रेरणाका रूपमा लिनु पर्‍यो र, अनि के अर्थ त्यस्ता बहसको ।

झमक तिमीले गरेको जीवन-संघर्षको संश्लेषण यी मानिसलाई नसुनाउ है ? यी तिम्रा दुश्मन हुन् । उनीहरु तिमीले संघर्ष गरेको देख्न चाहँदैनन् । संघर्षको बाटो परिवर्तनतिर लम्किन्छन् । कुवामा बस्नेहरुले मन पराउँदैनन् यस्तो कुरा ।

जीवन काँडा कि फूल ? यो तिम्रो प्रश्नको जवाफ शायद दुर्गालाल श्रेष्ठलाई सोधौं है । दाइको जवाफ छ–

**फूलको आँखामा फूलै संसार**
**काँडाको आँखामा काँडै संसार**

♦


## सूचना ! सूचना ! सूचना !

नेपाल-पुत्र शाक्यमुनि बुद्धको प्रामाणिक वचन संगृहीत भएको त्रिपिटक ग्रन्थहरु वीर-पूर्ण पुस्तक संग्रहालयको आयोजनामा सम्मानित नेपाली भिक्षु तथा अनागारिकाहरुको एक विद्वत् परिषद्बाट आगामी दुई वर्षभित्रमै नेपाल भाषामा पूरा गर्ने र केही अंश नेपाली भाषामा समेत अनुवाद गर्ने लक्ष्य रहेको र हाल ती तयार हुँदै गरेको **e-book** को रुपमा हाम्रो देशलगायत विश्वको जुनसुकै देशबाट समेत वेभ साइटबाट निःशुल्क डाउनलोड गरी हेर्न सकिने भएकोले कृपया ती हेरी पढी सद्धर्म साक्षात्कार गर्नुहोला ।

वेभ साइटको ठेगाना : www.tipitakanepal.org    अनुरोधक : **वीर-पूर्ण पुस्तक संग्रहालय**, गाबहाल, ललितपुर ।

# जीर्णता स्वीकार्न बुद्धशिक्षा



✍ शिशिल चित्रकार

जन्ममरण रोगव्याधि झै अर्को सर्वव्याप्त सर्वमान्य वास्तविकता भनेको जीर्ण हुनु हो । आज समाजको हरेक क्षेत्रमा देखा परेको विकृति विसंगतितर्फ यत्रतत्र चर्चा परिचर्चा हुन्छ । मनुष्य जीवनको जन्ममरण, रोग व्याधिको कुरा हुन्छ तर मानव जीवनको र अन्य प्राकृतिक वा अप्राकृतिक वस्तुको जरा (जीर्णता) बारे चर्चा भएको कमै मात्र सुनिन्छ की ? कुनै पनि मानव वा प्राकृतिक वा अप्राकृतिक चिजबिज जीर्ण हुँदै जानु स्वाभाविक हो भने आज विश्वसंसार आफैमा जीर्ण हुनाका कारणले समाजका यावत समस्याहरूमा बढोत्तरी भएको मान्न सकिन्छ कि सकिंदैन ?

**परम्परा** ः समयको गतिशीलता र जनसंख्या वृद्धिसँगै निश्चित परिवर्तन हुनु अस्वाभाविक होइन । तर परिवर्तन विकासतर्फ अग्रसर छ कि विनाशतिर उन्मुख छ, त्यो सोचनीय छ । आज विश्व वैज्ञानिक युगको नाममा प्रगतितिर लम्केको हाँक दिए पनि नेपाली समाज के साँच्चै विकासतिर लम्केको छ कि विनाशतिर ? यस परिप्रेक्ष्यमा मेरो आफ्नो स्कुल कलेज जीवनको केही उदाहरण दिन जमर्को गरेको छु । आज काठमाण्डौंलगायत देशको  प्रमुख सहरहरूमा पानीको अभाव छ, पानी उमालेर फिल्टर गरेर सेवन गर्नु पर्छ (सक्नेले) । तर मेरो स्कुल कलेजको जमानामा पानी उमालेर, फिल्टर गरेर सेवन गर्ने प्रचलन थिएन र पछि मात्र स्वास्थ्यको कारणले फिल्टर गरेर खान प्रचारप्रसारमा भएको सम्झना छ । स्कुलमा टैंकीको पानी पिइन्थ्यो, साँझ टुँडिखेलमा खेलेर पर्किंदा महाकालस्थान (न्युरोड) मा भएको सार्वजनिक धारामा हात मुखधुने र मनग्ये पानी पिइन्थ्यो । (अहिले पनि कयौ जनताले यस्तै परिवेशमा जीवन जिइरहेको कैयौंले यस्तो अवस्था पनि नपाउनु नै संसारको नियति हो) । वर्तमानमा सार्वजनिक धारा हराएको वर्षौं भइसक्यो । धारामा पालो पालो पानी दिने र पालोमा पनि पानी नआउनु सामान्य जीवनको अंश भइसकेको निकै वर्ष भइसक्यो । साथै विगतमा माश्क लगाउनु पर्ने चलन पनि थिएन भने आज यो बाध्यताको रूपमा हाम्रोसामू खडा छ । त्यसो त आज पनि सबैले पानी उमालेर र फिल्टर गरेर पानी सेवन गर्ने वा माश्क लगाउन कहाँ सकिन्छ र ?  यसरी यस्ता सामान्य परिवर्तनजस्तो लाग्ने र यो परिवर्तनमा मानवको बौद्धिक सोचाइ, स्तरहीन कार्य, जीर्णरूपी नीति कायक्रमको भूमिका छ वा छैन ? विकासको नाममा विनाशतिर उन्मुख छौ कि छैनौं ? यी यावत अन्तरालहरू नै विश्व समाजो लागि खतरा र भय हुन् भन्नेमा शायद दुईमत नहोला ।

**खतरा** ः विश्व-समाजमा आधुनिकीकरणसँगै विभिन्न किसिमका खतरा र भयहरूको वृद्धिभइरहेका छन् । उदाहरणको लागि शिक्षाको आधुनिकीकरणको नाममा शिक्षित र अशिक्षितको भेद आफै खतरा हो भने शिक्षित वर्गको सोचाई क्रियाकलाप र अशिक्षित वर्गको सोचाइमा भेद विश्व-समाजको लागि ठूलो खतरा र चुनौति हो । धनी र गरिबवर्गको खाडल विश्व समाजको शान्ति र सुव्यवस्थाको लागि खतरा हो । वैज्ञानिक प्रगति र आधुनिकताको नाममा विश्वमा अणु बम निर्माण देखि दैनिक जीवनमा प्रयोग हुने मोबाईल, ग्यास, बिजुली, पानी ढल, स्वास्थ्य शिक्षाको उपकरणहरू स्तरीयता नहुनु, तत् वस्तुहरूको प्रयोगमा सामान्य नियमहरू पनि पालना हुनु वा सही सूचनाको अभाव वा  व्यक्तिहरूका गलत बुझाइ वा गलत अर्थ्याउने प्रवृत्ति आफै खतरा र चुनौति हुन् । कृषि क्षेत्रमा भएका रासायनिक मलजलको प्रयोगबाट माटोलाई क्षयहीन गर्दैलानु, उब्जनीमा प्रतिकूल असर हुँदै व्यक्तिको स्वास्थ्यमा समस्या र कयौं रोगहरूको जन्मको कारण भएको हो कि होइनन् । आज विभिन्न स्थानहरूमा मोबाइल फोनको विस्फोट, ग्यास सिलिण्डर पड्किनु, बिजुली सर्ट भई आगो लाग्नु, सवारी साधनहरूको दुर्घटनामा वृद्धि हुनु, खाने पानी योग्य नहुनु, पानीको पाइप चुहुनु, खानेपानीको पाइपमा ढल मिसिनु आदि समस्याहरू मानवको लागि खतरा हुन् कि होइनन् ? कुनैपनि संघसंस्थालगायत विभिन्न क्षेत्रमा कार्यरत कर्मचारीहरूको संगठनको लक्ष्य प्राप्तिभन्दा व्यक्तिगत स्वार्थको कार्य गर्ने प्रवृत्ति, समाज र देशको हकहितभन्दा आफू, आफ्नो समूह दलको लागि गर्ने राजनीतिक संगठनको विकासको लागि बाधा तथा समाज र देशकोलागि ठूलो खतरा र चुनौति हुन् कि होइनन् ? यी मानव श्रृजित समस्याहरूको मूल कारक तत्व भनेको  स्तरीय कार्य नहुनु, मानवको सोचाई, शिक्षा, धन, स्वास्थ्य आदिमा भेद र अन्तरालको कारणले भएको हो कि होइन ? र अझ भन्नुपर्दा मानवको सोचाई, बौद्धिकपनमा ह्रास वा जीर्णताले भएको हो कि होइन ?

**जीर्णता** : संसारको कुनै पनि वस्तु क्रमशः जीर्ण हुँदै जाने र अन्तमा समाप्त हुने नै हुन् । आज संसारमा मानवीय सोचहरूमा ह्रास आउनु, भौतिक वस्तुहरूको विलाशितामैं खुसी हुनु, समाजका यावत अन्तरालहरूलाई कम गर्न प्रयाससम्म नगर्नु, सामूहिक हकहितभन्दा व्यक्तिको स्वार्थपरक सोचमा वृद्धि हुनु आदि विभिन्न मानवीय सोचहरू मरण हुनु पर्दछ भन्ने जानकारी विनाको कार्य नै समग्रमा मानसिक सोचाइको जीर्णता हो कि होइन ? यसै प्रसंगमा धम्मपदको श्लोक मनन् गर्नु सान्दर्भिक हुन्छ-

***परिजिण्ण'मिदं रूपं–रोगनिड्ढं पभङ्गुरं ।***
***भिज्जति पूतिसन्देहो–मरण'न्तं हि जीवितं ।।***

जीर्ण हुने यो शरीर, रोगको घर भइरहेको यो शरीर, कुहेर भग्न भएर जाने यो शरीर, जीवित हामी सबै मरणबाट अन्त हुनु पर्ने हुन् । (१४८)

आज सर्वत्र क्षेत्रमा चाहे घर परिवार, समाज, प्रशासनिक, स्वास्थ्य, न्यायिक, राजनैतिक, शैक्षिक नै किन नहुन, तत् क्षेत्रमा कार्यरत अधिकांश व्यक्तिहरू तत् क्षेत्रको लक्ष्यप्राप्तिको साटो व्यक्तिगत स्वार्थ परिपूर्तिको लागि लाग्ने सोचबाट समाजमा झन् विषमता फैलाउनुबाहेक अरू के हुन सक्दछ ।

यस्ता जीर्णतायुक्त सोचले समस्या सुल्झाउनुभन्दा थप समस्या निम्त्याउनुबाहेक अरू के परिणाम हुन सक्दछ । यस्तो विषम अवस्था, अन्धकारयुक्त समाजमा मानिसहरूले केको राम्रो सोच राख्न सक्दछ ?

पुनः धम्मपदको एउटा श्लोक पठनीय छ-

***कोनु हासो किमा नन्दो–निच्चं पज्जलिते सति ।***
***अन्धकारेन ओनद्धा–पदीपं न गवेस्सथ ।।***

सर्वदा रागादि–अग्नि बलिरहेको लोकमा के हाँस्नु ? के आनन्द लिनु ? अन्धकारले छोपिराख्दा पनि तिमीले प्रकाशको किरण खोज्न जानु पर्दैन् ? (१४६)

आजको समाजमा यावत समस्या, व्यक्तिको अज्ञानतारूपी अन्धकारले छोपिराखेको हो कि होइन ? यस्ता अन्धकारले छोपिराखेको अवस्थामा व्यक्तिको कार्य कुशलतामा ह्रास आउनु, व्यक्तिवादी हुनु, कार्य क्षेत्रको दायरा बढाउनुको साटो सीमित कार्यमा संकुचित हुनु, केही सीमित शब्दजालमा अल्झिनुबाहेक अरू के हुन सक्दछ ? आज नेपालमा सहमति, सहकार्य, सरकार, प्रतिपक्ष, संविधान, भाषिक, जातीय स्वायत्तराज्य आदि केही सीमित शब्दहरूमा मात्र (कार्य क्षेत्र व्यापक हुन् तर शब्दको खेलमा मात्र खेलिरहेको) सीमितता भई, जनताको वास्तविक दक्षता अभिवृद्धि गराई मानवीय सोच, कार्यशैलीमा अभिवृद्धि गराउने कार्यक्रमको सर्वथा अभाव हुनु आफै समाजको दरिद्रता र बहुसंख्यक व्यक्तिहरूको बौद्धिक जीर्णताको चित्रण गर्न पर्याप्त छ कि छैन ? आज सर्वत्र अन्धकारले ग्रसित समाजमा व्यक्तिहरू यस्तै अन्धकारमा रमाइरहने ?

**प्रकाशयुक्त जीवन** : सर्वत्र अन्धकार नै अन्धकार भएको अवस्थामा व्यक्तिहरूले प्रकाशको खोजी कसरी गर्ने, कुन कार्य गर्ने, अकुशल कार्यमा नै रमाउदै रहने वा कुशलकार्यको लागि उद्यत रहने अथवा कुशल कार्य र अकुशल कार्यमा पनि विवाद भइरहनु कुनै आश्चर्यको कुरा भएन । अन्धकारले ग्रस्त भइसकेको अवस्थामा धर्म वा कुशल कार्य गर्न सजिलो हुन त सक्दैनन् र वास्तवमा व्यक्तिहरूको वास्तविक परीक्षा पनि हो ।

अन्तमा पुनः धम्मपदको अर्को श्लोक मननीय छ ।

***उत्तिट्ठे नप्पमज्जेय–धम्मं सुचरितं चरे ।***
***धम्मचारी सुखं सेति– अस्मिं लोके परम्हि च ।।***

अर्थः अल्छि नहोउ, उठ, राम्ररी धर्माचरण गर्नु, धर्माचरण गर्ने यो लोक र परलोकमा पनि सुखपूर्वक बस्छ । (१६८)

**निश्कर्ष** : हिजोका पुर्खाहरूले गरिआएको परम्परा, सोचाई आजको पुर्खाहरूलाई नपच्नु, आजको पुस्ताको क्रियाकलाप भोलिका पुस्तार्ला स्वीकार्य नहुनुलाई खाली पुस्ताको भेदमात्र कदापी मान्न सकिंदैन । विश्वमा कयौं समस्याहरूले घेरिंदै आउनु, हरेक क्षेत्रमा खतराहरूको वृद्धि हुँदैजानु, स्तरीय र गुणवर्द्धक वस्तु सामग्रीको सेवाको अभाव हुँदैजानु, वातावरण विनाश हुन्, शैक्षिक स्तरमा ह्रास आउनु (विगतको दाँजोमा आधुनिक शिक्षा पद्धतिमा परिवर्तन भएको तर वास्तविक सामाजिकमूलक शिक्षामा विकास भएनभएको प्रश्नवाचक भएको), सर्वत्र अन्धकारले ढाकिएको अवस्था आउनु भनेको संसारको हरेक क्षेत्रको जीर्णताको परिचय दिन पर्याप्त छैन र ? अझ सबभन्दा ठूलो जीर्णता त मानवीय मूल्य, मान्यता, सद्भावमा आएको छ र यसको कारकतत्व भनेको मनुष्यको बौद्धिक सोचाई कार्यशैलीमा आएको जीर्णता नै हो । संसारको यो वास्तविकतालाई स्वीकार गर्दे मानिसले आफ्नो कर्मलाई धर्मअनुरूप कार्य गर्न, दक्ष जनशक्ति तयार पार्न, स्तरीय र गुणात्मक कार्यमा जोड दिन बुद्धशिक्षा आजको आवश्यकता हो ।

सबैको कल्याण होस । ♦

**शुभ विजया दशमी २०६७ को उपलक्ष्यमा हाम्रा समस्त सदस्य महानुभावहरु तथा शुभचिन्तक मित्रहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

निधीनं व पवत्तारं-यं पस्से वज्जदस्सिनं ।
निग्गय्हवादिं मेधाविं-तादिसं पण्डितं भजे ।
तादिसं भजमानस्स-सेय्यो होति न पापियो ॥

थःगु दोष क्यना बीम्हसित, गारेयाना तःगु धन क्यना ब्यूम्ह कल्याणमित्र धका भाःपीमा, पण्डितपिसं थःत न्वाना न्वाना स्यनेकने याइम्हनापं सत्संगत याई, अजाःपिंनापं सत्संगत याःम्हसित अभिवृद्धि हे जुइसिवाय हानी जुइमखु ।

**सुनौलो कीर्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**

नगाउँ दोबाटो, नयाँ बजार, कीर्तिपुर



**बिहानी सेवा (Morning Counter) को सुविधा सहित आकर्षक ब्याजदर तथा अन्य सेवाहरु**

* **Western Union Money Transfer** को सुविधा ।
* **Nabil Remit** को सुविधा ।

१२% मुद्दती बचत

* कुनै पनि बैंक तथा वित्तीय संस्थाको चेकलाई समाशोधन गृह (**CLEARING HOUSE**) को व्यवस्था ।

११% बर्थ डे केक सहित बाल बचत

क्रमिक बचत
४२ महिना = ५० महिना
७२ महिना = १०० महिना

८.५% दैनिक मौज्दातमा हसना बिशेष बचत

* कुनै पनि बैंक तथा वित्तीय संस्थाहरुको प्राथमिक शेयर (**IPO**)निष्काशन हुँदा । आवेदन गरिदिने व्यवस्था

९% साधारण बचत

*कुनै पनि बैंक तथा वित्तिय संस्थाहरुको शेयर सम्बन्धि आवश्यक सेवा तथा परामर्श । परामर्शको व्यवस्था

**हसना बचत तथा ऋण सहकारी संस्था लि.**
**Hasana Saving & Credit Co-operative Ltd.**
बलम्बु (भास्तिपुर)-२, काठमाडौं, फोन नं.:- ४३१६१७३, फ्याक्स नं.:- ४३१६१७४
इमेलः- hasana2065@gmail.com

# अहिंसा दिवस विजया दशमी

✍ महीश्वरराज वज्राचार्य
अध्यक्ष, नेपाल बौद्ध परिषद्

चन्द्रमासअनुसार मिल्न आउने आश्विन शुल्क दशीमलाई विजया दशमी भन्ने गरेको छ । हिन्दू धर्मशास्त्रअनुसार यो दिन लंकाका राजा रावणलाई भगवान् रामचन्द्रले वध गरेको दिन हो ।

लंकाधिपति रावण दैत्यहरूका राजा थिए । उनले मानव जातिलाई अनाहकमा दुःख दिएका थिए । त्यसैले उनी अन्यायी दैत्यराज थिए । उनलाई भगवान् रामचन्द्रले वध गरी भरत खण्डमा सुख फैलाएका थिए । तसर्थ यस दिनलाई असत्यमाथि सत्यको विजय भएको दिन भनी पावन पर्वको रूपमा अति हर्षौल्लासपूर्वक चाड मनाउने प्रचलन रहिआएको छ ।

विजया दशमीका सम्बन्धमा हिन्दू धर्मशास्त्रअनुसार एकातिर यो कथन रहेको छ भने अर्कोतिर यसलाई दैत्यराज महिषासुर वधको रूपमा लिने गरेको छ ।

हिन्दूधर्मशास्त्रमा भनिएअनुसार परापूर्वकालमा पातालमा रहेका दैत्यहरूले बारम्बार मर्त्यलोक एवं स्वर्गलोकमा निकै नै दुःख दिने गरेका थिए । य क्रममा महिषासुर नामक एकजना अति शक्तिशाली एवं मायावी दैत्य पाताल लोकमा राजा भइरहेको समयमा उनले स्वर्गका राजा इन्द्रादि सकल देवताहरूलाई युद्धमा पराजित गरी स्वर्ग मर्त्य पातालमा एकछत्र राज्य चलाएका थिए । त्यसबेला उनले गरेका अन्याय एवं अत्याचारबाट सम्पूर्ण मानव एवं देवतादिहरूले अति नै दुःख पाएका थिए । त्यस भयपूर्ण दुःखबाट त्राण पाउन माता दुर्गा भवानीले देवताहरूको पक्षमा त्यस दैत्यसँग युद्ध गरेका थिए । यस युद्धलाई सुरासुर संग्राम भनिएको छ । यस संग्राममा सम्पूर्ण दैत्यहरूको नामोनिसान नहुने गरी उनले वध गरिदिएका थिए । तसर्थ त्यस दिनदेखि यस मर्त्यलोक एवं स्वर्गलोकमा दैत्यहरूबाट भइरहेको अन्याय अत्याचार सदाको लागि अन्त हुनगयो । यो घटना त्यस धर्मशास्त्रअनुसार यही विजया दशमीको दिन भएको थियो । त्यसैले यो दिन विजया दशमीको नामले हिन्दू जगतमा प्रख्यात रहेको छ ।

यस संग्राममा दैत्यहरु पराजित भएपछि देवताहरूदेखि भयभीत भइ दैत्यहरु यत्रतत्र भाग्न थाले । यस क्रममा उनीहरु आफ्नो ज्यानको सुरक्षार्थ अनेक पशुपंक्षीहरूमा प्रवेश गरी लुक्न थाले । त्यसैले दैत्यहरु लुकिरहेको सम्झी माता भवानीलाई खुशी पार्न अनेक खसी, बोत्रा, राँगा, हाँस, कुखुरा आदि पशुपक्षीहरु दुर्गा भवानीलाई बलि चढाई अति हर्षोल्लासपूर्वक विजय उत्सव गरी भव्यहरूमा यो पर्व मनाउने चलन रहेको छ ।

हुनसक्छ कुनै एक समयमा देवता र दैत्यहरूका बीचमा युद्ध भयो । तर यहाँ बुझ्नुपर्ने कुरा के छ भने त्यस धर्मशास्त्रअनुसार दैत्य भनिएकाहरु को को हुन् ? दैत्य भनाउँदाहरु दानव मात्रै हुन् कि मानव पनि हुन् ? उनीहरूको निवासस्थान पाताल मात्रै हुने गर्दछन् कि अन्यत्र पनि ?

हिन्दू जगतमा अति प्रसिद्ध भएका धर्मशास्त्रहरु मध्ये एउटा हो भविष्य पुराण । त्यस पुराणको प्रतिसर्ग ४, अध्याय २० मा दैत्यसम्बन्धी एउटा प्रसंग यस प्रकार उल्लेख भएको –

एक समयमा दानवराज बलिले दैत्यहरूको संख्या बढाउन यस मर्त्यमण्डलमा एकजना महान् माया प्रवर्तक दैत्यलाई पठाए । त्यस मायादवी दैत्य मर्त्यमण्डलमा शाक्यसिंहको नामले प्रख्यात भए । उनलाई गौतम आचार्य पनि भन्ने गरियो । त्यस गौतमले दैत्यहरूको संख्या बृद्धि गर्न यहाँका सम्पूर्ण तीर्थहरूमा आफ्नो संघ स्थापना गरे । उनको सिद्धान्तमा लाग्नेहरु जनाई नलगाउने भए । यसबाट उनीहरु नीच गतिमा पुगे । ती नीच गतिका मानिसहरु बौद्धको नामले प्रख्यात भए । यस प्रकार दश करोड आर्य (हिन्दू) हरु बौद्धमार्गमा लागे ।

हिन्दू धर्मशास्त्रको प्रसिद्ध ग्रन्थ भविष्य पुराणमा उल्लिखित यस कथनअनुसार बौद्ध भनिनेहरु सबै दैत्यहरु भए । यदि यसो हो भने विजया दशमीको दिन देवताहरूले दैत्यहरूको समूल नष्ट गर्न मारेकाहरु मध्ये बौद्धहरु पनि रहनगयो । अर्थात् विजया दशमीको अर्थ देवताहरूले बौद्धहरूलाई संहार गरेको दिन हुनगयो ।

बुद्धभूमि नेपालका अधिकांश बौद्धहरूले यो विजया दशमी पर्व मानिआएका छन् । यसको अर्थ उनीहरूले आफूलाई मार्न आएको पर्व पनि हर्ष बढाई गरी मान्ने गरेका रहेछन् ।

अचम्म छ ! यहाँका बौद्धहरूले आफुलाई मार्न काट्न आएको पर्व पनि किन मान्ने गरेका होला ? यसबाट के स्पष्ट हुन्छ भने अधिकांश बौद्धहरूमा आफ्नो धर्मको यथार्थ बोध रहेनछ । अनि हिन्दूधर्मको ज्ञान पनि रहेको छैन । यदि छ भने केवल तामासि ज्ञान मात्रै रहेछ । तसर्थ यहाँका अधिकांश बौद्धहरु केवल जन्मले मात्र बौद्ध रही कर्मले अबौद्ध रहेका छन् । अन्यथा उनीहरूले आफूलाई संहार गर्न आएको दिनलाई पावन पर्वको रूपमा जमरा उमारी हर्षोल्लासका साथ मान्ने गर्नु नपर्ने हो ।

हिन्दू धर्मशास्त्रअनुसार जमरा उमारी पूजा गर्नु भनेको दानवहरु वध गर्नको लागि शक्ति प्राप्त गर्नु हो । तसर्थ

आफूलाई नै संहार गर्न बौद्धहरूले जमरा रोपी शक्तिको आराधना गर्ने पूजा किन गरिरहेका छन् ? कस्तो अचम्म !?

यो कुरा निश्चय पनि सत्य हो कि विजया दशमी भनेको असत्यमाथि सत्यको विजय भएको दिन । हत्या हिंसाले राक्षसी प्रवृत्तिलाई जन्माउँछ । यसर्थ राक्षसी प्रवृत्तिलाई यदि छोड्ने हो भने सर्वप्रथम हिंसा कार्यलाई छोड्नुपर्‍यो । बुद्धधर्मअनुसार विजया दशमी भनेको हत्या-हिंसा आदि हिंस्रक प्रवृत्तिलाई परित्याग गर्ने दिन हो । किनभने यस दिन एकजना अति निर्दयी क्रूर राजाले हत्या-हिंसाको कार्यबाट वाक्क भई शस्त्रअस्त्र परित्याग गरी मानव सेवामा आफूलाई अर्पण गरेको दिन हो । तिनी राजा हुन् बुद्धधर्मका महान् राजकीय संरक्षक इतिहास प्रसिद्ध सम्राट् अशोक ।

सम्राट् अशोकको नाम नसुन्ने नेपालीहरु सायद कमै होलान् । किनकि मन्दिरमै मन्दिरको देश भनी कहलिएको यस विश्वप्रसिद्ध नेपालका अनेकन् चैत्यहरु उही अशोकले निर्माण गरेका हुन् । पाटनका प्रसिद्ध चारवटा स्तुपहरु उही अशोकले नै बनाएका हुन् । उनकी छोरी चारुमति नेपालमा आई बौद्ध विहार निर्माण गरी त्यहीं बसेका थिए, जुन विहारलाई चारुमति विहार भनिएको छ । आजभोलि यो विहार चाबहिलको नामले प्रख्यात रहेका छ ।

भगवान् शाक्यमुनि बुद्धको समयमा मगध राज्यमा बिम्बिसार नामको राजा रहेका थिए । उनी निकै बुद्धभक्त थिए । भगवान् शाक्यमुनि बुद्धलाई सबभन्दा पहिले विहार दान गर्ने राजा उनी नै थिए, उनले दान गरेको विहार वेणुवन विहारको नामले बौद्ध इतिहासमा प्रसिद्ध रहेको छ । पालि बौद्ध साहित्य समन्तपासादिकामा उल्लेख भएअनुसार उक्त बिम्बिसार राजाका बाह्रौं पुस्ताका राजा थिए सम्राट् अशोक ।

ऐतिहासिक विवरणअनुसार भगवान् शाक्यमुनि बुद्ध निर्वाण भएको दुई शताब्दिपछि इसापूर्व २६९ मा सम्राट् अशोकले मगध राज्यको शासन सम्हालेका थिए । राजा भएको चार वर्षपछि उनको राज्याभिषेक भएको थियो । उनी अत्यन्तै निर्दयी तथा क्रूर स्वभावका थिए ।

त्यस समयमा उनको राज्यको राजधानी पाटलीपुत्र थियो, जुनकि अचेल पटनाको नामले प्रसिद्ध छ । त्यसबेला पाटलीपुत्र एउटा भव्य नगर थियो । आफ्नो राज्यको सिमाना बढाउने महात्वाकांक्षाबाट अभिप्रेरित भई राजा अशोकले आफ्ना आसपासका राज्यहरूसँग युद्ध गरे । त्यस युद्धमध्ये एउटा हो कलिंग युद्ध, जुन इतिहास प्रसिद्ध रहेको छ ।

इसापूर्व २५७ मा सम्राट् अशोकले कलिंगमा हमला गरेका थिए । उक्त कलिंग राज्य आजकल उड्सिाको नामले प्रसिद्ध रहेको छ । यस युद्धमा हजारौं हजारको संख्यामा मानिसहरु हताहत भएका थिए भने असंख्य मानिसहरु घायल भएका थिए ।

यस युद्धमा सम्राट् अशोकले विजय हासिल गरेका त थिए, परन्तु युद्धभूमिमा एकातिर मरेकाहरूको अनगिन्ती लाश यत्रतत्र छरिएर भयावहदृष्य छाएको थियो भने अर्कोतर्फ हजारौं संख्यामा घायल भइरहेका र तिनीहरूका आफन्तहरूको रोदन क्रन्दनबाट वातावरण विभत्स भइरहेको थियो । यस दृष्यबाट त्यस क्रूर एवं निर्दयी राजा अशोकको हृदय पलग्न गयो । युद्धभूमिको यस हृदय विदाकदृष्यले द्रवीभूत भई उनले अब उप्रान्त कुनै पनि प्रकारको युद्ध गर्ने छैन र कसैको पनि हत्या हिंसामा संलग्न हुने छैन भनी दृढ प्रतिज्ञा गर्नुको साथै आफ्नो शस्त्र अस्त्र परित्याग गरी उनी बुद्धधर्ममा प्रवेश भए । यसै दिन हो विजया दशमीको दिन ।

बुद्धधर्म ग्रहण गरिसकेपछि सम्राट अशोकले मानवताको दया करूणाबाट अभिप्रेरित भई धर्मविजय गर्ने काममा उनी लागिपरे । उनले थाहा पाए कि बुद्धधर्मको माध्यमबाट मात्र उत्तम जीवन यापन गर्न सकिनेछ । तसर्थ उनले शान्ति कामना गरी बुद्धधर्मको व्यापक प्रचारप्रसार गर्ने काममा आफूलाई समर्पण गरे । यस क्रममा उनले आफ्नो दरबारमा भोजनको निम्ति प्रत्येक दिन असंख्य पशुपक्षी वध हुने गर्दथ्यो भने त्यसको लगत्तै उनले आफ्नो राज्यमा धर्मको नाममा पशुपक्षीको बलि कार्य रोके । यसको अलावा उनले ठाउँ ठाउँमा बटुवाहरूको लागि विश्राम गर्न पाटी-पौवा, धर्मशाला आदि निर्माण गरिदिए । प्यास लाग्नेहरूको लागि ठाउँ ठाउँमा इनार बनाइदिए । प्यास लाग्नेहरूको लागि ठाउँ ठाउँमा इनार बनाइदिए । यात्रुहरूको शीतलताको लागि बाटोको दुबैतिर दायाँबायाँ रूख रोप्न लगाए । ठाउँठाउँमा घाइते एवं विरामी पशुहरूको उपचार गर्न पशु चिकित्सालयको बन्दोबस्त गरिदिए । यहाँ उल्लेखनीय कुरा के छ भने उनका आसपासका राज्यहरूले पनि उनको यस कामको देखासिकी-अनुकरण गरे । यसको साथसाथै उनले शान्ति कामनार्थ बुद्धधर्मको व्यापक प्रचारप्रसार गरे । यस क्रममा उनले आसपासका अनेले शान्ति कामनार्थ बुद्धधर्मको व्यापक प्रचारप्रसार गरे । यस क्रममा उनले आसपासका अनेक देशहरूमा बुद्धधर्मको प्रचारको लागि धर्मदूतहरु पठाइदिए । यस सिलसिलामा उनका छोरा महेन्द्र र छोरी संघमित्रा श्रीलंकासम्म पुगे ।

यस प्रकार भगवान् बुद्धले आफ्नो धर्म जति प्रचार गरेका थिए त्यसभन्दा पनि बढी सम्राट् अशोकले बुद्धधर्मको प्रचार गरे । यसले गर्दा सम्राट् अशोक धर्मविजयी राजाको नामले प्रख्यात भए । उको यस कार्यबाट विश्वमा शान्ति स्थापना गर्ने काममा महत्वपूर्ण योगदान हुनगयो ।

तसर्थ बुद्धधर्मका अनुयायी बौद्धहरूको लागि विजयादशमी भनेको पशुवलिको नाममा हत्या हिंसा गरी मनाउने पर्व नभई अहिंसा दिवसको रूपमा मनाउने शान्तिपर्व हो । यसर्थ सम्पूर्ण बौद्धहरु जन्मले मात्र बौद्ध नभई कर्मले पनि बौद्धहुन सिक्नुपर्‍यो र विजया दशमीलाई अहिंसा दिवसको रूपमा मान्ने प्रतिबद्धता हुनुपर्‍यो । अस्तु ॥

# समर्पणका प्रतिमूर्ति भिक्षु कुमार काश्यप



✍ रश्मि शाक्य
बौद्ध युवा कमिटी

इतिहासमा प्रभावशाली र महान् व्यक्तिहरू र कसरी महानता हासिल गर्छन् भन्ने बारे धेरै छलफल भएको छ । विद्वानहरूले त्यसमा दुईखालका मान्छेहरू औंल्याउने गर्छन् । एकथरी व्यक्तिलाई महान र अविस्मरणीय बनाउन घटना विशेषले व्यक्तित्व निर्माण गराउँदछ भने अर्कोथरीले घटना घटाउँछन् र आफै घटनाको पात्र भएकोले उनीहरू महान हुन्छन् । विषयत भई चर्चा गर्दा भिक्षु कुमारकाश्यप कोटीका व्यक्तिका बारेमा छलफल गर्दा इतिहासको दर्शनको पाटोलाई ध्यानमा राखेर कुरा गर्नु सान्दर्भिक हुनेछ ।

पाल्पा-तानसेनका अष्टमान शाक्य १६ वर्षको उमेरमा श्रामणेर कुमार काश्यपको नाउँमा बुद्धशासनमा प्रवेश गरेका थिए । त्यतिबेला नेपालको थेरवाद बुद्धधर्मको पुनर्जागरणको पूर्वाद्धको समय थियो । एकतन्त्रीय जहाँनिया राणाशासनविरूद्ध भित्रभित्र आन्दोलनको लहर चर्किरहेको थियो । उनी आमाको प्रेरणा र इच्छाले भिक्षु जीवनमा प्रवेश गेरका थिए । साने उमेरमा आफ्ना बुबाको निधनको मूल्यमा आमा तेजलक्ष्मीले संघर्ष गरेर बालक अष्टमानलाई हुर्काइन् । आमा तेजलक्ष्मीको वर्षावासकै क्रममा तानसेनमा बसिरहेका भिक्षु प्रज्ञानन्दसँग धामिकसंगत हुनथाल्यो । उनको सान्निध्यताले प्रभावित भएकी तेजलक्ष्मीले छोरा अष्टमानलाई श्रामणेर बनाउन चाहिन् । त्यसमा आफ्नो छोरालाई जीवनको कठोर परिस्थितिबाट मुक्ति दिलाउने ईच्छा केही हदसम्म लुकेको थियो । यो कुरो उनको मानसपटलमा अद्यापि तरोताजा नै छ ।



पारिवारिक जीवनको कठिनाई एउटा दुःखद् घटना त थियो नै, अनि त्यही दुःखद् घटना उहाँको जीवन व्यक्तिबाट व्यक्तित्व बन्ने यात्राको प्रस्थानबिन्दू बन्न पुग्यो । त्यतिबेला उनले तीन कक्षासम्म मात्र पढन् पाएका थिए । त्यसपछि काठमाडौंको किण्डोल विहारमा भिक्षु धम्मालोक, भिक्षु प्रज्ञानन्द, भिक्षु शाक्यानन्द र भिक्षु अमृतानन्दको सान्निध्यतामा बसेर उनले बुद्धधर्मको अध्ययन गरे । त्यतिबेला भिक्षु अमृतानन्दले स्वयम्भू र हनुमानढोका परिसरमा एक महिनासम्म लगातार गर्नुभएको प्रवचन कार्य थेरवाद बुद्धधर्म पुनर्जागरणको सार्वजनिक उद्घोष थियो । सलामी, गुलामी र भाईभारदारको स्वार्थमा टिकेको जहाँनिया राणाशासनविरूद्ध क्रान्तिको लहर आइरहेको पृष्ठभूमिमा अन्ततः त्यस्तो कार्य राणाविरोधीको रूपमा चित्रण गरियो । बुद्धधर्मको माध्यमबाट राजनीतिक स्वतन्त्रता र समानताका लागि राणाशासनविरूद्ध जनतालाई सजग पार्न सहयोग गरेको भनी तत्कालीन राणा प्रधानमन्त्री जुद्धशमशेरले आठ जना नेपाली भिक्षुश्रामणेरहरूलाई देश-निकाला गरियो । नेपालको थेरवादी बुद्धधर्मको इतिहासमा यसलाई कालो दिनका रूपमा चित्रित गरिन्छ । आचार्य भिक्षु कुमार काश्यप महास्थविर त्यस्तो धार्मिक गौरवमय इतिहासमा संलग्न उहाँ एक मात्र जीवित भिक्षु हुन् ।

संलग्नताको उद्देश्य हुन्छ । बहुजनहित बहुजनको सुखको लागि थेरवादी बुद्धधर्मको विकास र विस्तार । पुनर्जागरणकालको यस ऐतिहासिक घटनामा भिक्षु कमारकाश्यपको संलग्नता उनको विशिष्ट पक्ष थियो । त्यतिबेला राणा प्रधानमन्त्री जुद्धशमशेरका छोरा बहादुरशमशेरले "धर्मदेशना नगर्ने, विहारमा पूजापाठ नगर्ने हो भने तिमीहरू नेपाल बस्न सक्छौ" भनेका थिए । प्रत्युत्तरमा भिक्षुहरूले भने "हामी खान नपाएर, लाउन नपाएर भिक्षु बनेका होइनौं । हामी देश छोड्न तयार छौं । तर महाराजको शर्त कुनै पनि हालतमा स्वीकार्य हुँदैन।" नभन्दै भिक्षुहरूलाई प्रहरीले घेरा हालेर देशनिकाला गरियो । यो भिक्षुहरूमा भएको देश र जनता, न्याय र स्वतन्त्रताको चेतनाप्रतिको निष्ठा र स्वाभिमानको द्योतक हो । त्यसपछि जीवन-यात्रा निकै कष्टप्रद रह्यो । अकथनीय पीडा खेप्नुपर्‍यो । तर उनले त्यसको बहादुरतापूर्वक सामना गरे । यसलाई थेरवाद बुद्धधर्मको सन्दर्भमा राखेर मात्र हेर्न मिल्दैन । बल्की नेपाल र नेपालीको स्वतन्त्रता, समानता, न्याय र जागरणको लागि समाजका चेतनशील र प्रभावशाली तह र तप्काबाट भएको शान्तिपूर्ण विद्रोहको रूपमा परिभाषित गरिनु पर्छ । यो एक किसिमको

सत्याग्रह नै हो, जुन नेपाली स्वतन्त्रता प्राप्तिको लडाईंमा लाग्नेहरूले सदैव गर्व र प्रेरणाको रूपमा लिन योग्य छ । यस्ता गौरवशाली प्रेरणादायक घटनामा भिक्षु कुमार काश्यपको संलग्नताले आज उनलाई ऐतिहासिक भिक्षुमा परिणत गरेको छ ।

भिक्षुकुमार काश्यपले श्रीलंकाको विद्यालंकारण परिवेणबाट त्रिपिटकाचार्य उपाधि हासिल गरे । उनी हालसम्म नेपालका एकमात्र त्रिपिटकाचार्य भिक्षु हुन् । भद्दन्त आनन्द कौशल्यायन, भिक्षु जगदीश काश्यप, के. श्री धमानन्दलगायत प्रतिभाशाली भिक्षुहरूको संगतको प्रभावले पनि उनको व्यक्तित्व परिष्कृत हुँदैगयो । सारनाथमा बसेर उनले त्यतिबेला ख्यातिप्राप्त भिक्षु जगदीश काश्यप, भिक्षु के. श्री धर्मानन्दसँग मिलेर त्रिपिटक सम्पादनमा सघाएका थिए । देवनागरी लिपिमा सम्पादित पहिलो त्रिपिटक प्रकाशन कार्यमा भिक्षुकुमार काश्यपको भूमिका नेपाल र नेपालीको लागि गौरवको विषय हुन् । त्यस कार्यमा भिक्षु कुमार काश्यपको प्रतिभा र सामर्थ्यताले धार्मिक एवं सामाजिक पहिचचन स्थापित गरिदियो । भारतको बौद्ध साहित्यमा भिक्षु जगदीश काश्यपको जुन स्थान र उचाई छ, त्यसमा भिक्षु कुमार काश्यपको योगदान प्रतिध्वनित भइरहेको छ । यदि कुमार काश्यपले चाहेको भए त्यतिबेला ती प्रभावशाली भिक्षुहरूको संगत गरेर, आफ्नो व्यक्तित्वलाई थप उचाईमा पुर्‍याउन सकिन्थ्यो । आफ्नो विद्वताको अत्याधिक उपयोग गरी त्यस दिशामा जान सकिने खूबी उनमा नभएको भने होइन । तर आनन्दकुटी विहारलाई चीरकालसम्म छोडेर यशकीर्ति कमाउनेतर्फ उनले प्राथमिकता दिनुभएन । यो आनन्दकुटी विहारप्रति भिक्षु कुमार काश्यपको ठूलो त्याग–तपस्यापूर्ण समर्पण रहेको छ । कसलाई मन हुँदैन होला र ख्याति कमाएर उँचो व्यक्तित्व बन्ने ? तर प्रतिकूल परिस्थिति वा आनन्दकुटी छोड्ने सर्तमा उहाँ त्यसतर्फ लाग्नुभएन । यो कुनै सामान्य घटना कदापि होइन । उनको जीवनमा यस निर्णय र कार्यले निकै अर्थ राख्दछ । उनको समर्पण छविलाई थप उजिल्याएको छ। सम्बद्ध धार्मिक क्षेत्रलगायत आनन्दकुटी विहारले त्यसप्रति न्याय गर्‍यो वा गरेन, त्यो अध्ययनको अर्को पक्ष बन्लान् ।

नेपालमा थेरवाद बुद्धधर्मको पुनःजागरण भए यता आनन्दकुटी विहारको विशिष्ट योगदान रहिआएको छ । राजा त्रिभुवनको प्रमुख आतिथ्यमा भएको २००८ सालको अस्थिधातु आगमण, बुद्ध जयन्तीका दिन सार्वजनिक बिदा दिने प्रचलन वा सरकारप्रमुख र राष्ट्राध्यक्ष आउने परम्पराको थालनी, पहिलो पुस्ताका भिक्षुहरूले जीवन बिताएको अर्थमा वा बौद्ध साहित्यको प्रकाशनमा होस् ती जम्मै घटनाको मौन साक्षी हो–आनन्दकुटी विहार हो । करिब आठ दशकयता बौद्ध जगतमा भएका उल्लेखनीय घटनात्रम जम्मै आनन्दकुटी विहारको सेरोफेरोमा घुमेको छ । यस अर्थमा आनन्दकुटी विहारलाई बुद्धधर्म र बौद्ध–जगतको मियोका रूपमा लिन सकिन्छ । अर्को तथ्य के छ भने आनन्दकुटी विहारमा सबैभन्दा बढी बस्ने भिक्षु पनि कुमार काश्यप नै हुन् । त्यसलाई भाग्य भनौं वा दुर्भाग्य भनौं वा अरू जे नै भनौं कि यी जम्मै घटनाहरूको अन्तरप्रवाहमा भिक्षु कुमार काश्यपको प्रत्यक्ष वा परोक्ष योगदान रहेको ऐतिहासिक पक्षलाई जो कसैले स्वीकार्नै पर्छ ।

आनन्दकुटी विहार र बुद्धकालीन ग्रन्थमाला नेपालीमा लेख्नु भिक्षु अमृतानन्द महास्थविरको सर्वाधिक महत्वपूर्ण देन हो । ती जम्मै ग्रन्थमालाहरू आनन्दकुटी विहार गुठीले प्रकाशित गरेको थियो । बीस वर्ष लगाएर लेखिएको ती ग्रन्थहरू तयार पार्न भिक्षुकुमार काश्यपको सहयोग अतुलनीय थियो । बुद्धकालीन ग्रन्थमालाका प्रत्येक पृष्ठहरूमा भिक्षु कुमार काश्यपको अथक मिहिनेत, परिश्रम र विद्वताको प्रतिबिम्बित भइरहेको पक्ष स्वयम् भिक्षु अमृतानन्दले हरेक ग्रन्थमा भिक्षु कुमार काश्यपको महत्वपूर्ण सहयोगको चर्चा गर्नुभएबाट प्रस्ट हुन्छ । भिक्षु अमृतानन्दको उँचो उचाईको व्यक्तित्वमा भिक्षु कुमार काश्यपको समर्पण, कडी मिहिनेत र प्रतिभाले आधारशीलाको काम गरेको छ । तर यो कुरो त्यति हदसम्म स्थापित हुन सकेन । कहिँ न कतै ओझेलमा नै पर्‍यो । तर यही नियतिले उनलाई कर्मयोगी र समर्पित व्यक्तित्वका रूपमा स्थापित बनाउँदै लग्यो । निष्काम कर्मयोगी र बलिदानी चरित्र उनको जीवनको पर्याय बन्न पुग्यो ।

यससँगै एउटा पक्ष जोडेर आउँछ । थेरवाद बुद्धधर्मको क्षेत्रमा बेजोड प्रतिभाशाली, अन्तर्राष्ट्रिय व्यक्तित्व भिक्षु अमृतानन्दसंगको समीपमा बसेर उनले आफ्ना जीवनको स्वर्णीम समय करिब ४० वर्षसम्म बिताए । उनीप्रति आफ्ना जिम्मेवारी र कर्तव्य निर्वाह गर्न कुनै कसर बाँकी राखेनन् । भिक्षु अमृतानन्दको जस्तो उँचो उचाईको र शक्तिशाली व्यक्तित्वको समीप बसेर पनि कुनै लाभ र अवसर पाउन लुछाचुँडी गरेनन् । बुद्धकालीन ग्रन्थमाला लेख्न महत्वपूर्ण सहयोग गर्ने भिक्षु कुमार काश्यप आफू त्रिपिटकचार्य भएरपनि ग्रन्थलेखन कार्यमा अघि बढेनन् । उनको दशपारमिता पुस्तक अपवाद मात्र थियो । त्यो उनको प्रतिभा, विद्वता र लेखन क्षमताको परिचायक ग्रन्थ थियो । तर अपवाद समान्य चरित्र हुँदैन । उनको लेखन कार्य अपेक्षाकृत अघि बढेन । सफलतासँगै कुनै न कुनै रूपमा जालझेलका व्यवहारसँगै आउने उनको ठम्याइ रह्यो । त्यतिमात्र होइन जीवनमा अघि बढन् आफ्नो सरल र सीधा स्वभाव कतै न कतै बाधक रहेको उनको मनोविज्ञान रहेको छ ।

भिक्षु अमृतानन्दको निधनले बौद्ध क्षेत्रमा अपूरणीय क्षति पुर्‍याएको थियो । नेपाली बौद्धजगतले एक अन्तर्राष्ट्रियस्तरको व्यक्तित्व गुमाएको थियो । बौद्ध जगतमा उहाँले बनाउनुभएको अन्तर्राष्ट्रिय सम्बन्धलाई निरन्तता दिने कुशल नेतृत्वको रिक्तता रह्यो । भिक्षु अमृतानन्दको निधनपछि थेरवाद बुद्धधर्मको क्षेत्रमा अर्को नेतृत्व नभएको भनी भिक्षु सुदर्शनले त्यतिबेला सञ्चारमाध्यमसमक्ष बताएका थिए । भिक्षु अमृतानन्द जीवित छँदा नै उहाँको साथ लामो समयसम्म सँगै बसेका भिक्षु कुमार काश्यपलाई भावी नेतृत्वको रूपमा विकसित हुने आधारहरू तयार पारिएन । भावी नेतृत्वका रूपमा फुल्ने र फल्ने प्रशस्त अवसरहरू मिलाइएको भए त्यो रिक्तता समयको अन्तरालमा पूर्ति हुन्थ्यो कि? भिक्षु कुमार काश्यपको सरल अन्तर्मुखी व्यक्तित्वका कारण आवश्यक प्रयासले मूर्त रूप लिन पाएन वा भिक्षु अमृतानन्दको दृष्टि त्यतातिर ढल्किएन कि? तयार भएको भए थेरवाद बुद्धधर्मको विकास क्रममा संस्थागत आयाम थपिने थियो ।

आजका मितिसम्म थेरवाद बुद्धधर्मको क्षेत्रमा जेजति कार्य भइरहेका छन्, ती सबै कार्य व्यक्ति विशेषको तहबाट भएका हुन् । संस्थागत तवरले अघिबढ्न सकिरहेको छैन, यो अत्यन्त चिन्तनीय विषय हो । यसलाई थेरवाद बुद्धधर्मको क्षेत्रमा दुर्भाग्य नै मान्नुपर्छ। यस दृष्टिले त्यो समय फलाम तातेको समय थियो । संस्थागत रूपमा अघिबढ्ने परिपाटी विकास भएको भए कालान्तरमा बुद्धधर्मको विकास र विस्तार व्यवस्थित तरिकाले अघिबढ्ने गतिका कारण विकासशील कार्यमा तीव्रता लिने थियो । त्यसै बिन्दूमा टेकर पछिल्लो पुस्ताका भिक्षुहरूले त्यो विरासतलाई अघि बढाउन सकिन्थ्यो । इतिहासमा यसो भएको भए वा यसो नभएको भए भन्ने प्रश्नको स्थान हुँदैन । त्यो मनोगत हुन्छ। तर इतिहासकारहरूको अर्को तर्क पनि मननीय छ कि आज के भइरहेको छ भन्ने कुरो बुझ्न हिजो के भएको थियो भन्ने बुझ्नुपर्छ । इतिहासको वस्तुनिष्ठ समीक्षा गरेर भविष्यतर्फ अघिबढ्ने जमर्को गरिएन भने कालखण्डमा देखिएको त्यही प्रवृत्ति पुनरावृत्ति हुन्छ । त्यस दृष्टिबाट मात्र प्रश्न खडा गरिएको हो । हुन त इतिहासलाई त्यतिबेलाकै सर्न्दभमा हेरिनुपर्ने इतिहासकारहरू बताउँछन्। भिक्षु अमृतानन्दले त्यतिबेला नगरेको यस कार्यलाई व्यक्ति विशेषलाई दोष दिनेभन्दा इतिहासको अध्ययनका दृष्टिले हेरिनुपर्छ । त्यतिबेलाको ठोस परिस्थितिको आधारमा त्यो कार्यको विश्लेषण हुनुपर्छ । तर जे भएपनि यस प्रसङ्ग थेरवाद बुद्धधर्मको एउटा युगान्तकारी मोड थियो । थेरवाद बुद्धधर्मको विकासक्रमको यो महत्वपूर्ण बिन्दू भिक्षु कुमार काश्यपको चर्चा र प्रसङ्ग विना अपुरो रहने छ।

भिक्षु कुमारकाश्यपको एउटा स्वाभाविक विशेषता छ कि उनी आफूलाई भेट्न आउनेप्रति निराभिमान भई गहन आत्मिक संवेदनाका साथ कुराकानी गर्छन् । त्यसैले उनी सबैमाझ प्रिय छन् । उनको स्वभावको केन्द्रविन्दू र सकारात्मक पक्ष करूणा थियो । करूणाले उनको व्यक्तित्वको विशिष्ट पक्ष उजागर गर्दछ । त्यसैगरी निर्संगता उनको एउटा दुर्लभ चरित्र हो । निर्संगता अर्थात् कसैप्रति बढि झुकाव र कसैप्रति बेवास्ता गर्ने स्वभाव छैन् । सहज र सरल हुनुहुन्छ । बोलीवचनमा कुटनीतिकता छैन्, सफा नियतका छन् । सदैव समानता र करूणाको जीवन मूल्यबाट निर्देशित भए । उनी अत्याधिक संवेदनशील वा अन्तरमुखी स्वभाव भएको हुनाले कठोरताको लेष पनि उनमा देखिंदैन । तर नेपाल भाषाको आन्दोलनमा भाषिक असमानताका विरूद्ध क्रान्तिकारी ओजपूर्ण भाषण, जुझारूपन उनको स्वभावको अपवादका रूपमा लिन सकिन्छ । मनुष्यमा राम्रानराम्रा कमजोरी हुन्छन् । उनलाई यौवनावस्थाका घटनाको प्रतिक्रियाको रूपमा उत्पन्न हुने भय र हीनताको ग्रन्थीले सताइरहन्छ भने यस्लाई  कमजोरी भनी उनी स्वीकार गर्छन् । तर तमाम कमीकमजोरीभन्दा ठूलो हो- समर्पण । समपर्णको आफ्नै आध्यात्मिक मूल्य हुन्छ । समर्पणमा म र मरो भन्ने भावना गौण हुन्छ ।

भिक्षु कुमारकाश्यपले अनुकरल र प्रतिकूल माहौलका बीचबाट नै आफ्नो लेखकको व्यक्तित्व बनाउनुभएको छ । दशपारमिता त उनको अनुपम ग्रन्थ हो । त्यो ग्रन्थ बौद्ध साहित्यमा निकै गुरूत्व रहेको छ । तर त्यस किसिमका ग्रन्थ पछि प्रकाशित भएनन् । यद्यपि बुद्धको अर्थनीति अर्को विशेषता भएका पुस्तक हो । भिक्षु अश्वघोषसँग मिलेर सो पुस्तक लेखेका हुन् । त्यसमा बुद्धको आर्थिक दृष्टिकोणको व्याख्यात्मक तवरले लेखिएको छ । बुद्धलाई अलौकिक मानवका रूपमा पुजिने सर्न्दभमा महामानव र प्रगतिशील विचार राख्नेका रूपमा चिनाइएको छ । बुद्ध समानता, न्याय र स्वतन्त्रताका पक्षपातिको रूपमा उल्लेख गर्दै बुद्धशिक्षा कर्मकाण्डी र औपचारिक विधिविधान नभई जीवन-पद्धतिका रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै आलवक-सूत्र, गृहस्थधर्मलगायत पुस्तकहरू प्रकाशित छन् । नेपाली र अंग्रेजी भाषामा दक्षता हासिल गर्ने उनको इच्छा समयमै पुरा भएन् । यद्यपि धर्मदूत र आनन्दभूमिमा फुटकर लेखहरू लेखे । सामाजिक र शैक्षिक क्षेत्रमा योगदान पनि यहाँनिर स्मरणीय छ ।  यस पक्षतर्फ गहिरिंदा एउटा तथ्य के भेटिन्छ भने जीवनको सर्वाधिक समय आनन्दकुटी विहारमा बसेका उनको कुनैपनि ग्रन्थ आनन्दकुटी विहार गुठीले प्रकाशित गरेको देखिंदैन । जबकि सो गुठी बौद्ध साहित्यको विकास गर्न खडा गरिएको थियो भने गुठीले

उनको त्यागप्रति जुन न्याय गर्नु पर्थ्यो, त्यो गर्न सकिएन कि !? वा व्यक्ति विशेषको दबदबाले गर्दा त्यसो भएको हो । त्यतातर्फ विहार गुठी चुकेको देखिन्छ । उहाँले चाहेको भए अरू ठाउँमा गएर विहार प्रमुख बन्न सक्थ्यो । तर आनन्दकुटीलाई चाहेर उहाँ कतै जान चाहनुभएन । आफू बस्ने हक भएको यस अर्थमा उहाँको आचार्य गुरू प्रज्ञानन्द महास्थविरको विहारमा समेत जानुभएन । आनन्दकुटी विहारको वातावरण जेजस्तो भएपनि त्यसैमा समायोजन भए । पहिलो पुस्ताका भिक्षुहरू बसेर स्थापित आनन्दकुटी विहारको गरिमा र महिमालाई निरन्तता कायम गर्न एउटा कडीको रूपमा भूमिका निर्वाह गरे । कतिले आनन्दकुटी छोडेर आफ्ना स्वतन्त्र व्यक्तित्व बनाए । तर उहाँ आनन्दकुटीको हर सुख दुःख अनुकूल र प्रतिकूल परिस्थतिलाई झेल्न राजी हुनभयो । आनन्दकुटीप्रतिको असीम समर्पण र त्यागको उदाहरण हो कुमार भन्ते । नेपालको थेरवाद बुद्धधर्मको पुनर्जागरणको इतिहासमा उनको त्याग र समर्पण हाम्रा लागि सह्राहनीय र प्ररेणदायी रहने छ । कुनै साहित्यकारले हिन्दीमा लेखेको कविताले उनको व्यक्तित्वलाई थप प्रष्ट पार्छ- **वे अपने को प्रकट नहिं करते, और इसीलिए ही वे दीप्त बने रहे । वे अपना औचित्य सिद्ध नहिं करते, इसीलिए दूर जीवन्त उनकी ख्याति जाती है । वे अपनी श्रेष्ठता का दावा नहिं करते, इसीलिए लोग उनहे श्रेय देते हैं । वे अभिमानी नहीं हैं, और इसीलिए लोगोंका बीच अग्रणी बने रहते हैं ।** कवितामा व्यक्त भावजस्तै भिक्षु कुमार काश्यपमा आफ्नो अंहकार सिद्ध गर्ने, आफूलाई देखाउने, नाम कमाउने कुनै संर्घष छैन् । त्यसै कारण उनको ख्याति छाएको छ- समर्पित र त्यागीका प्रतिमूर्तिका रूपमा । उनी लयबद्ध परित्राण-पाठ र धर्मदेशना कार्यमा ८४को वसन्तमा अद्यापि सक्रिय छन् । जीवनको बाँकी समय अझ बढी आध्यात्मिक साधनामा बिताउँदै जान कुनै बाधा अड्चन नतेर्सिउन्, मार्गफल लाभी भावितामयी अभ्यासमा प्रतिष्ठित भई अनन्तयात्रामा तल्लीन हुन सकोस् भन्ने मैत्रीपूर्ण कामनासहित उहाँ पूजनीय श्रद्धेय ऐतिहासिक नेपालका एकमात्र त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविरलाई सश्रद्धापूर्वक नमन गर्दै यो लेखनी यहीं टुंग्याउँदछु ।

चिरं जीवतु कुमार भन्ते ।

**सन्दर्भ सामग्री**


कोडण्यः **आचार्य भिक्षुकुमार काश्यप : म्हसीका,** नेपाल लिपि गुठी, विसं २०६१, यसै ग्रन्थमा उल्लेख्य धम्मवती गुरूमां र केदार शाक्यको लेख

कोडण्यः **नेपालमा थेरवाद बुद्धधर्मको इतिहास** आनन्दभूमि

कोडण्यः **पुज्य कुमार भन्ते ८४औं वसन्तमा प्रवेश,** आनन्दभूमि वर्ष ३८ अंक ३ असार पूर्णिमा, विसं २०६७

भिक्षु कुमार काश्यपसँग कुराकानी, विसं २०६७

विभिन्न बौद्ध विद्धानहरुसँग बेलाबखतमा कुराकानी

विभिन्न इतिहास लेख-रचनासम्बन्धी पुस्तक


(प्रस्तुत आचार्य भिक्षु कुमार काश्यप महास्थविरको ८४ औं जन्मोत्सवो उपलक्ष्यमा राष्ट्रव्यापी निबन्ध प्रतियोगितामा प्रथम स्थान प्राप्त निबन्ध हो - सं.)


**मोहनी नखःया लसताय् सकसियां भिं जुइमाः**

**मासे मासे सहस्सेन - यो यजेथ सतं समं ।**
**एकं च भावित त्तानं - मुहुत्तम पि पूजये ।**
**साये व पूजना सेय्यो - यं चे वस्ससतं हुतं ॥**

**लां ला, सलंस, दोलं दो फुका यज्ञ-होम यानागुया पुण्य स्वया नं परिशुद्धम्ह चित्तम्हसित घौछिजक पूजा सत्कार यानागुया पुण्यफल उत्तम जुइ ।**

**मिलन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**

हवनाछेँ, पाको, न्यूरोड, काठमाडौं

फोनः ४२३१०३६, ४२२२०६५, फ्याक्स : ४२१६१६७

हरेक चाडपर्व एवम् सांस्कृतिक परम्पराहरू देशका राष्ट्रिय पहिचान हुन् । यस्ता कुराहरूको अन्त्य हुनु भनेको राष्ट्रिय पहिचान गुम्नु हो । राष्ट्रिय पहिचानको जगेर्नाका लागि पनि चाडपर्व एवम् सांस्कृतिक परम्पराको प्रवर्द्धन र सम्वर्द्धन गर्नु हाम्रो नैतिक दायित्व हो ।

नेपाल सरकार

सूचना तथा संचार मन्त्रालय

# सूचना विभाग

दशपारमिता-६

# दान पारमिता



✍ आचार्य भिक्षु
कुमार काश्यप

*वंगु ल्याः ३ पाखें कथहं ......*

## अभय दान

थःपाखें भय मबीगु हे अभय दान खः । पदार्थ दान यक्व हे ब्यूसां थःगुपाखें मेपिंत अभय दान मजूसा व नं बांमलाः सुयातं स्यायेमखु धायेगु हे सकसितं म्वाये ब्यु धायेगु खः । म्वायेगु सकसितं यः । जीवित प्राणीपिं ब्याक्क दण्ड खनाः ग्याः । उकिं थःपाखें प्राणीपिंत भय मबीगु हे अभय दान खः । बोधिसत्त्वपिसं थःगु समूह वा जातिगत प्राणीपिनि सामुहिक मरण भय मदयेकेत थःगु प्राण तकं उत्सर्ग याइ । थथे प्राण उत्सर्ग याइगु थ्व दान हे दान परमत्थ पारमिता नं जुइ । 'महाकपि जातक' (४०७) थ्वया उदाहरण खः-

छको बोधिसत्त्व चयद्वः माकःतय् नायः जुयाच्वन । हिमालयय् गंगाया सिथय् छमा तःमागु साःगु अंमा दु । थ्व अंमाया अं नयाः हे इमि जीविका जुया च्वंगु खः । वाराणसी जुजु ब्रम्हदत्तं छन्हु सिल व अंमाया अं साब हे साः । जुजुं थः सैनिक हयाः व सिमायागु अंया निंतिं घेरा बिल । बोधिसत्त्वं थुपिं सैनिकतय्पाखें थः अनुयायीपिं बचे यायेत खुसिया उखे पारी थ्यंके माःगु खन । इपिं धाःसा खुसि पारी तिंन्हुयाः वने मफु । उकिं बोधिसत्त्वं गुँखि छत्वाः हल । तर सिमाय् च्यूबलय् चिखिं यानाः चिखि ति हे गुँखि चीहाकः जुल । उखे समय धाःसा मंत । सैनिकत पाखें थः अनुयायीपिं बचे जुइ थाकुया वल । उकिं छखे पारी सिमाय् छच्वः व मेखे थःगु जँय् गुँखिं चिनाः थम्हं सिमा ज्वन । थुकथं चिहाकःगु खिपःया ज्या थःगु म्हं यानाः सकसितं याकनं पार जुइगु खँ धाल । हानं सकसितं पार याकल । थथे हे पार याके बियाः थ्व हे कारणं बोधिसत्त्वया मृत्यु जुल ।

थ्व बहुजन हितार्थ प्राण उत्सर्ग याःगु बाखं दान परमत्थ पारमिताया बाखं नं खः लिसें सकलयात मृत्यु भयं अभय ब्यूगु जुयाः अभयदानया बाखं कथं नं भ्रीसं स्वये फु । बोधिसत्त्वं थःगु पुरूषार्थ महान करूणां जाःगु गुण-धर्मे प्रभावित यानाः मेपिनि सत्ताय् प्राण दान ब्यू वनाः थःत प्राण दान काःगु लिसें जि जक मसिनां छु याये धयाः थः स्वजातियापिं अफ प्राणी मात्रयात अभयदान कयाब्यूगुया म्हो उदाहरण मदु । निग्रोध मृग जातक (१२) छगू हे जक न्ह्यथने :-

वारायासी जुजु ब्रम्हदत्तं न्ह्याबलें मृग शिकार वनेत जनतायात दुःख बीगु । जुजुलिसे शिकारय् वँवं इमि बुँज्या हे याये मखं । उकिं जंगलं मृगत ख्याख्यां हयाः लाय्कूया तःधंगु क्यबय् यक्वं मृगत तये हल । अथे जुजुया क्यबय् लाःपिं मृगत मध्यय् निग्रोध मृग व वया न्यासः मृग, हानं शाखा मृग व वया न्यासः मृगत लाःगु जुयाच्वन । हानं जुजुं थःगु शौकय् यक्वं मृगत स्याःगुलिं मृगतय्सं न्हिं छम्ह स्वयं हे पालंपाः मृग स्याइ थाय् वयाबीगु स्वीकार यात । छन्हु शाखा मृगया पुचलं प्वाथय् दुम्ह मृगया पाः लात । वं वनाः बिन्ति यात, 'जि प्वाथय् दु । उकिं जिगु थासय् सुं मेपिं छ्वयाब्यु । लिपा जि नं वने, जिम्ह मचा नं वनी ।' थ्व खँय् शाखा मृगं तप्यंक हे थः थः पालय् थः थः हे वनेमाः धाल । अले मातृ-प्रेमं नुगलय् जाःम्ह उम्ह मृग निग्रोध मृगयाथाय् वयाः बिन्ति यात, 'जिम्ह समुदायया नायलं जिगु बिन्ति स्वीकार मयाः । जिगु प्वाथय् मचा दु । उकिं जिगु पालय् सुं मेम्ह छ्वयाब्यूसा जि छिगु समुदायं लिपा वनाबी । जिम्ह मचा नं अले लिपा छिगु हे पुचलं पाः कयाः वनी ।'

निग्रोध मृगं उम्ह गर्भिनी मृगया बिन्ति न्यनाः वया पालय् व वने म्वाल धकाः आश्वासन बिल । तर मृत्युया पाः सुनानं मेपिसं फइथें मताःगुलिं व स्वयं थः वनाः मृत्युया पाः फः वन । तर निग्रोध मृगयात धाःसा वयागु सुवर्ण वर्ण खनाः अभय दान बियातःगु जुयाच्वन । अथे अभयदान बियातःम्ह मृग वःगु खनाः भुतू सुवालं जुजुयात बिन्ति याः वन । हानं जुजुं न्यनेवं व निग्रोध-मृगं धाल- 'जि थःगु पाः धकाः वयाम्ह मखु । छम्ह गर्भिणी मृगया पालय् जि वयाच्वनागु खः । छाय्धाःसा वया थः प्वाथय् च्वंम्ह मचा स्याये मयः हानं वयागु मृत्युया पाः फः वइपिं धाःसा मेपिं सुं मदु । उकिं जि वया । उकिं सत्ता वयाम्ह जुयाः जितः वया सत्ताय् स्यानाछ्व ।'

निग्रोध मृगयागु खँ न्यनाः जुजुया नुगलय् तःसकं दित । अले वं धाल, 'छिपिं निम्हसितं अभय बीधुन ।'

निग्रोध मृगं हानं धाल - जिपिं निम्ह निर्भय अभय प्राप्तपिं जुयां छु याये । सकलें मृगतय् मरण भय दु ।

जुजुं ब्याक्क मृगतय्त अभय वर बिल ।

निग्रोधं हानं 'जिपिं मृगतय्त अभय वर दयां छु याये मेथाय्यापिं मृगत सी हे तिनि' धाल ।

जुजुं ब्याक्क मृग जातियात हे अभयदान बिल ।

थुकथं धाधां निग्रोध मृगं सम्पूर्ण स्थलचर प्राणीपिं, आकाशय् ब्वयाजुइपिं नभचर प्राणीपिं, लखय् च्वनीपिं जलचर प्राणीपिन्त अभयदान कयाबिल ।

थथे हे जुजुया पाखें जुइगु भयं पीडां मुक्ति बीकेगु ज्या जक अभयदान जुइमखु । अपितु लः मि आदि प्राकृतिक कारणं वइगु भयावस्थाय् अभयत्व बीगु निंतिं याइगु कुतः नं अभयदान हे जू वनी । गनं मिं नयाच्वंथाय् वनाः इमिगु धनजन रक्षार्थ थःगु श्रम व हिम्मत ज्याय् छ्यलेगु नं अभयदान खः । लखं स्यंकीगु थासय् मस्यनीगु व्यवस्था यानाबीगु अथवा तुंथी, पुखुली व खुसी कुतुं वःम्ह थकयाबीगु नं अभयदान बीगु हे जुइ । वथें ल्वय् जुयाच्वंपिंत मृत्यु भय जुइ । उकिं वासः व उपस्थानं ग्वाहालि यानाबीगु नं अभयदान जुइ । थुगु अर्थय् बाँध, अस्पताल आदि दयेकाबीगु नं थम्हं परयात मस्यायेगु याना अथवा कुनातःपिंत स्वतन्त्र यानाबियाः अभयदान बीथें हे जुइ । ......कथहं



## पासायात ज्ञां

– श्रामणेर धर्मघोष

निभाः त्वये न्ह्यः ह्यांगु निभाः लुइथें
विपस्सना सम्यक्दृष्टिं सिइ बुलुहुँ चतुरार्यसत्य नं
म्हगसे खंपिं धाथें मखुथें
मखु सर्वसंस्कार नित्य लुमंकी
अल्सि चायेमते कुतः याये सयेकी
सत्पुरूषपिं नाप या सत्संगत
न्यं हानं धर्मदेशना
योनिसो मनसिकार दतकि
दयावै धम्मानुधम्मपटिपत्ति
श्रोतापत्ति थ्यंकी अनं सकृदागामी
निर्वाण साक्षात्कार यायेनु नापं आनागामी
जीवन हे धन्य जुइ पासा
संसारवट्ट दुःखं मुक्त जुल धाःसा
रागसमान मदु मिं मेगु
दोष समान मदु ग्रहदशा
मदु मोह समानगु सिखः
थुपिं हे दुःखया कारण खः
न्ह्यं मवइबले मिखा पालुइगुथें
पुण्य कुशल मगाइबले जीवन म्हाइपुइ न्है
चुइँ चुइँ पुइगु क्लेशयात क्वथीक स्व
सिचुगु धर्म गुनुमिं स्यायेगु स्व । ।

# Lord Buddha as Emblem of Peace



✍ Pro. Suwarna Shakya, Ombahal

Peace is a emotional thing, Peace cannot be quenched without understanding it with feeling. Thus, peace is considered as an ideal. Man wants peace. He is in search of peace. Men indulge him in various activities in order to gain peace. And, for the sake of peace man also employs revolution in his condition and system but people gaining peace is rare to find. It is impossible to obtain peace until there is suffering. Suffering always persuades man as a mirage and remains with him as a friend. Buddha gained enlightenment because of the realization of the knowledge of suffering. When Buddha stepped forward to identify the truth, he first learned about the truth of suffering. As he set out for the emancipation of the suffering, the four noble truths are propounded. Buddha became the founder of the four noble truths.

There is a cause behind the suffering and Buddha said that the cause of suffering can be eliminated. The Buddha became liberated by applying the method of emancipation of suffering. The liberation form suffering is to each the condition of peace; the Buddha who acquired peace rose to a higher level than a layman and thus called a great saint. Buddha gave the recognition of spiritual peace. Thence, he verified the balanced condition of suffering and happiness applying in his own life.

Buddha, who came from the Republican royal family, left his royal comforts and joined the family of global community, The Buddha widely, presented the course of being detached from the intrusion such as greed, enmity and fearfulness of peace. In every unit of society, Buddha's preaching became amiable. The friendly attitude is not a effortless matter. We use to remember Buddha's face when there is a loose condition of cordiality in our society. Buddha's face which is limited only to description before 1st century BC, became iconize and known to the world by the 1st century BC. The countries maintaining peace to its people became conscious over education, culture and bureaucracy to include Buddha's peace-principle. Peace became a synonym of Buddha. In today's world, Buddha's being memorized for the peace sake internationally. Lord Buddha became a matter of pride to all Nepalese in Nepal, his birthplace; Nepalese became centralized in thinking, perceiving, philosophizing and conduction Buddha and peace as two sides of single coin. Whenever there is the realization of conflict then the slogan of peace along with the name of Buddha being uplifted. The need to involve Buddha's doesn't belong to any ethnicity or indigenous group; he is a glorious symbol of peace, commonly belonging to all.

In Buddha's own land, who gives message of peace to the world, it seems as if message of peace has become vain and the environment became distressed causing its people the great misery and regret. So much so, it is encouraging as the democracy is restored to manifest the ruling system based upon Buddhism aspired religion and the time has arrived in reality to establish Nepal as the country of Lord Buddha by assimilating such system. The effort of all leadership has become admirable in constructing Nepal as a centre of anticipation of all Nepalese with an new system by giving definite shape to the matter of multi-religious, multi-religious, multi-cultural which are limited only to slogan though it is the reality.

Nepal is really a religiously irrigated compassionate country. Every nook and corners here is adorned with temples because the temple is a place to lay down miseries. Nepal has become a country of innumerable temples. Nepalese forget their sorrows and inhale the peaceful breath by venerating the idols in each temple. Among such idols, the place where the most peaceful idol of

Lord Buddha is placed has become more inspiring. In this context, it is natural to be delighted and relieve the satisfaction that the massage of peace is going to be firm as the prime minister himself has announced his will and eagerness to establish Buddha's image in a prime street where Nepalese and foreigners as well keep on moving. Really, the land of *Tinkune* will become priceless near the international airport. There will be no denial that such effort for peace attempt will be like responding to a great duty.

The wise men determines for the happening of good deeds. It is not necessary that everything will happen in consensus. But most agrees in good-deeds. Everyone doesn't follow even the god's grace. The kind person polishes the divine thing more but the selfish protest against it. The demons get blessings from the god but they chase the god itself. As all people are not belonging to same types, some distinguishes vice and vice and virtue while some mix and blend it to decline. That's why Lord Buddha always takes side of majority. The teaching of Buddha is located basically on "*progress and prosperity to all*". Many believe and keep fate in great dictums of an ascetic, abbot, hermit and sages. When philosophers dive into philosophy they discuss supposing death to be alive and alive as dead and remain rigid as if the matter of law and act in the court. Whatever the reason and discussion might regard, the reality never changes and it is the universal truth. It will be duty of wise men to follow and imply sayings of learned ones as we understand those sayings are drawn to welfare of mankind. It is honour paid to our ancestor in honour preserving culture. The feeling of worship pin in from the god is like obeying the pathfinder. Establishing Buddha's image in *Tinkune* will be a psychological base. So even after establishing Buddha's image there, it will be like revealing peace and prospering the nation if all the wise people involves heartedly in conserving the idol.

It is human nature of mankind to follow with belief and fate the written and explained maxims about welfare of human being in any religion. Thus, religion is a common thing. There remains no race in human religion. Racism in religion is only the weakness of human mind. Lord Buddha expressed his opinion and conception over human religion. Because he showed the path, his disciples called it Buddhism. Buddha himself never proclaimed his teachings as religion. The emancipation of suffering and peace is prime subject of today's Buddhism. Therefore, it will be much democratic if the state includes Buddhism and declares the confusion of religious discrimination as it was the desire of all peace loving people. It will prove the fulfillment of government's promise. Similarly, it will be appropriate to step forward in commencing Lord Buddha as an emblem of peace as it will be regarded the preservation of historicity. This will also prove the suitability of the slogan; '*peace for democracy*'. It will be better that this sort of endeavour which emphasizes the welfare of mankind should be granted from all sides. It is in man's will to lead life toward positivism.

*

पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु
यहि नै बुद्धको उपदेश हो ।

बिश्व मोटर ट्रेडर्स
ख–२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं.: ०१–२२९२२३०, ९७२१४०२९०५/३२०५४४
E-mail: vmtautoparts@wlink.com.np

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि
गाडिका पार्टस्हरुको लागि सम्पर्क गर्नुहोस् ।

# बौद्ध गतिविधि

## आनन्द कुटीमा मासिक बुद्धपूजा-धर्मदेशना

८ भाद्र, स्वयम्भू । गुंपुन्हि-जनैपूर्णिमाका दिन आनन्द कुटी विहारमा मासिक बुद्धपूजा, धर्मदेशना, दानप्रदान तथा भोजन कार्य सम्पन्न भयो । विहार प्रमुख आचार्य भिक्षु कुमार काश्यप महास्थविरसमक्ष पंचशील प्रार्थनापछि उहाँ महास्थविरबाट बुद्धपूजा गराउनुभयो । त्यसपछि भिक्षु कोण्डन्यले आवश्यक पर्दा सहयोग गर्ने साथी हुनु सुख, सन्तुष्टिपूर्वक जीवन यापन गर्नु सुख, सम्पूर्ण दुःख अन्त गर्नु महान सुख हो भन्नुहुँदै बुद्धद्वारा निर्दिष्ट उट्ठान सम्पदा, आरक्षासम्पदा, कल्याणमित्रता र समानजीविका गरी चारवटा इहलौकिक सुखलाई प्राप्त गर्नसके जीवनमा सुखशान्ति प्राप्त हुने कुरा दर्शाउन कथात्मक उपदेश गर्नुभयो । ज्ञानमाला भजन पनि गरिएको त्यस दिन सदाझैं उपस्थित भिक्षु, श्रामणेर तथा अनागारिकाहरूलाई दानप्रदान गरी अन्तमा सबैका लागि भोजनको व्यवस्था गरियो । त्यसदिन मचाम महर्जन परिवार, स्वयम्भूले भोजन गराउनुभएको थियो ।

## नगदेशमा परियत्ति पुरस्कार

८ भाद्र, नगदेश, भक्तपुर । नेपाल बौद्ध परियत्ति शिक्षा बु.सं. २५५३ को परिक्षामा उत्तीर्ण कक्षा ४ मा बोर्ड द्वितीय ल्याउन सफल रविन नापितलाई अनागारिका केशावतीले एक समारोहबीच बुद्धको प्रतिमासहित पुरस्कार वितरण गर्नुभयो । यसरी नै नगदेश बुद्ध विहार केन्द्रबाट उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरूलाई पुरस्कृत गरिएको थियो ।

नगदेश बौद्ध समूहका उपासक पूर्ण बहादुर मेजु ६४ वर्षको उमेरमा दिवंगत हुनुभयो । थेरवाद बुद्धधर्मको संस्कारअनुरूप दाहसंस्कारपछि उहाँको दान गरिएको आँखा बलम्बुस्थित चिम्नी भट्टामा काम गर्ने भारतीय मजदुर १२ वर्षे मण्डल थरका बालक र बानेश्वर निवासी १९ वर्षीय भट्टराई थरका युवकलाई प्रत्यारोपण गरियो । नगदेश विहारमा सामाजिक तथा धार्मिक गतिविधि संचालन हुँदै आइरहेको छ ।

## इतिहासविद् भुवनलाल प्रधानको निधन



१० भाद्र, काठमाडौं । प्रसिद्ध इतिहासकार एवं संस्कृतिविद् भुवनलाल प्रधान ९० वर्षको उमेरमा दिवंगत हुनुभयो । लामो समयदेखि उहाँ मृगौला रोगले पीडित हुनुहुन्थ्यो । २००७ सालको क्रान्तिमा महत्वपूर्ण भूमिका निभाउनुहुने दिवंगत प्रधानले संस्कृति, इतिहाससम्बन्धी दर्जनौं पुस्तक लेख्नुभएको छ । शाक्य जातिको इतिहास, नेपाली संस्कृति, स्वयम्भूको परिचय, नेपालमा बौद्धधर्म, नेपाल संवत्, बुद्धवंश आदि विषयमा उहाँको गहन अनुसन्धान कृति प्रकाशित भएका छन् । धर्मोदय-धम्म पुरस्कार २०५६, धर्मबहादुर कल्याण कोष पुरस्कार २०५६, केदारनाथ-स्मृति तथा प्रकाशन स्मृति सम्मानपत्र २०५८, राष्ट्रिय प्रतिभा पुरस्कार २०६२, इमेज सिरपा ने. सं. ११२६, शंखधर सम्मान तथा सिरपाः, नेवा महागुथि ११२८ आदि विभिन्न पुरस्कारले उहाँ सम्मानित व्यक्तित्व हुनुहुन्छ ।

## आधारभूत शिक्षा शुभारम्भ

१२ भाद्र, स्वयम्भू । आनन्द भुवन विहारमा भिक्षु संघरक्षित स्थविर "सद्धम्म कोविद" को संयोजकत्व तथा "बुद्धधर्मका आधारभूत शिक्षा समिति"को आयोजनामा गत चारवर्षदेखि संचालित "बुद्धधर्मको आधारभूत शिक्षा" नयाँ कोर्श एक समारोहबीच शुभारम्भ गरियो । प्रशिक्षक त्रिरत्न मानन्धर "सद्धम्म कोविद" ले आधारभूत शिक्षाबारे बोल्नुभएको सो समारोहका सभापति भिक्षु संघरक्षितले बुद्धजीवनी,



पञ्चशील, त्रिरत्नवन्दनादेखि चतुआर्यसत्य, प्रतीयत्यसमुत्पाद, त्रिलक्षण, कर्मसिद्धान्त आदि चालू कोर्शका बारे संक्षिप्त जानकारी गराउनुभयो । पुराना प्रशिक्षार्थीहरूले नयाँ ३० जना प्रशिक्षार्थीहरूलाई खादा ओढाई परिचयात्मक कार्यक्रम गरिएको थियो । समितिका कोषाध्यक्ष महेन्द्र मान वज्राचार्यले स्वागत गर्नुभएको सो समारोह कार्यसमितिया का.का.स. मोहिनी चित्रकारले संचालन गर्नुभयो ।

## उपासक सानुरत्न स्थापितको निधन



१७ भाद्र, काठमाडौं । थेरवाद बुद्धशासनिक क्षेत्रमा विशिष्ट सहयोग गर्नुहुने दाता उपासक सानुरत्न स्थापित ८३ वर्षको उमेरमा दिवंगत हुनुभयो । बौद्ध विहार, नेपालभाषा, नेवाः खलः, बौद्ध वृद्धाश्रम, ध्यान केन्द्र आदि क्षेत्रमा आबद्ध उपासकको निधनले सम्बद्ध क्षेत्रमा अपुरणीय क्षति भएको सम्बद्ध क्षेत्रका व्यक्ति तथा संस्थाहरूले महशुस गरेका छन् ।

## धर्मोदयको साधारण सभा सम्पन्न

१९ भाद्र, काठमाडौं । कीर्तिपुरस्थित नगरमण्डप श्रीकीर्तिविहारमा लुम्बिनी बौद्ध विश्व विद्यालयका उपकुलपति डा. श्री त्रिरत्न मानन्धरको प्रमुख आतिथ्य एवं धर्मोदय सभाका केन्द्रीय अध्यक्ष पं. श्री बद्रीरत्न वज्राचार्यको सभापतित्वमा धर्मोदय सभाको ६७ औं वार्षिक साधारण सभा सम्पन्न भयो । अखिल नेपाल भिक्षु महासंघका सचिव श्रद्धेय भिक्षु धर्ममूर्तिसमक्ष पंचशीलप्रार्थनापछि भिक्षु, लामा तथा वज्राचार्यहरूबाट शुभकामना पाठ गरियो ।

वरिष्ठ उपाध्यक्षहरू सभासद् ईन्द्रबहादुर गुरूङ्, लक्ष्मीदास मानन्धर, विश्व बौद्ध भातृत्व संघ तथा धर्मोदय सभाका उपाध्यक्ष सभासद् पद्म ज्योतिले बोल्नुभएको सो सभामा महासचिव सुचित्रमान शाक्यबाट स्वागत मन्तव्य तथा उपाध्यक्ष प्रा. सुवर्ण शाक्यबाट धन्यवाद ज्ञापन गर्नुभयो । दिवासत्रमा महासचिव सुचित्रमान शाक्यबाट वार्षिक प्रतिवेदन, कोषाध्यक्ष रत्नमान शाक्यबाट आर्थिक प्रतिवेदन प्रस्तुत गरिएको थियो भने युवक बौद्ध मण्डल र बौद्ध महिला संघलगायत अन्य धर्मोदयका शाखाहरूबाट आ-आफ्नो प्रतिवेदन प्रस्तुत गरिएको थियो । सह-कोषाध्यक्ष सागरमान वज्राचार्यबाट धन्यवाद ज्ञापन गरिएको सो सत्र केन्द्रीय सचिव त्रिरत्न तुलाधरले संचालन गर्नुभएको थियो ।

## वर्षावाससम्बन्धी कार्यपत्र प्रस्तुत

१९ भाद्र, काठमाडौं । स्वयम्भूस्थित आनन्द भुवन विहारमा एक समारोहबीच भिक्षु संघरक्षित स्थविर "सद्धम्म कोविद" ले "बुद्धधर्ममा वर्षावास एक अध्ययन" विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । बुद्धशिक्षा अध्ययन समितिको आयोजनामा सम्पन्न कार्यपत्र प्रस्तुतिकरण गोष्ठीमा समितिका का.का.स. नविना चित्रकाले स्वागत तथा कोषाध्यक्ष अनिता मानन्धरले गोष्ठी संचालन गर्नुभयो । प्रत्येक महिनाको तेश्रो शनिवारका दिन सो विहारमा विविध विषयमा कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम संचालन भइरहेको छ ।

## श्रीघः विहारमा सम्मान

१९ भाद्र, काठमाडौं । श्रीघः विहार, नःघलमा बुद्धपूजा समूहले गुंला पर्वको उपलक्ष्यमा विहारका ७० वर्षभन्दा माथिका जेष्ठ उपासकउपासिकाहरूलाई नेपालका संघउपनायक अश्वघोष महास्थविरको प्रमुख आतिथ्यत्वमा एक धार्मिक कार्यक्रमबीच बुद्धप्रतिमासहित खादा ओढाई अभिनन्दन गरियो । भक्तलाल चित्रकार (वर्ष ८७),पूर्णमाया स्थापित (८६), रत्नबहादुर (८१), मिश्री महर्जन (७५), मिश्री शाक्य (७४), नरेन्द्र सिंह (७४), नाति महर्जन (७१), तुल्सिमाया ताम्राकार (७१) लाई सम्मान गरियो । यसरी नै उपोसथ दिनको धार्मिक गतिविधिमा सकृय रूपमा सहभागी महर्जन वन्धुहरू नाति, देवनारायण, छोरी, तुल्सिमाया, रामकृष्ण, तिर्थमाया, जितनारायण, दुर्गादेवी श्रेष्ठ, कमलतारा तलाधर, पूर्णशोभा शाक्य, हरीमाया शाही, मय्जु प्रजापति, तेज शाक्यलाई सम्मान गरियो ।

## आनन्दकुटीमा गुँलाभरि धर्मदेशना सम्पन्न

२३ आश्विन, काठमाडौं । आनन्द कुटी विहारमा गुँला महिनाभरि विशेष धर्मदेशना तथा ध्यानसाधनाको कार्यक्रम सम्पन्न भएको छ । विहार प्रमुख आचार्य भिक्षु कुमार काश्यप महास्थविरको सान्निध्यतामा एक महिने विहानी ध्यानसाधना सम्पन्न भएको थियो भने विशेषतः जातक कथाकै विषयमा भिक्षु, श्रामणेर तथा अनागारिकाहरूले महिनाभरि विशेष धर्मदेशना गर्नुभयो । भिक्षु सरणंकर र

भिक्षु पियदस्सीको संयोजकत्वमा मासिक धर्मदेशना कार्यक्रम सम्पन्न भएको थियो ।

## बौद्ध महिला संघको वार्षिक सभा सम्पन्न

३ आश्विन ललितपुर । बौद्ध महिला संघ नेपालको चौधौं वार्षिक साधारण सभा एक धार्मिक कार्यक्रमबीच सम्पन्न भएको छ । नेपालका एकमात्र त्रिपिटकाचार्य एवं बौद्ध महिला संघ नेपालका धर्मानुशासक आचार्य भिक्षु कुमार काश्यप महास्थविरको सभापतित्वमा सम्पन्न सो सभामा धर्मानुशासकहरू भिक्षु ज्ञानपूर्णिक महास्थविर तथा अनागारिका धम्मवती, सल्लाहकार प्रा. सुवर्ण शाक्यले संस्थाको उत्तरोत्तर प्रगतिको कामनासहित मन्तव्य दिनुभयो । संघका अध्यक्ष श्रीमती बासन्तीदेवी वज्राचार्यबाट स्वागत मन्तव्यपछि सचिव चन्द्रदेवी शाक्यबाट वार्षिक प्रतिवेदन, कोषाध्यक्ष प्रभावती कंसाकारबाट आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । संघका उपाध्यक्ष डा. केशरी लक्ष्मी मानन्धरले धन्यवाद ज्ञापन गर्नुभयो ।

धापाखेलस्थित "टेवा" को कार्यकक्ष भवनमा संचालित वार्षिक साधारण सभा सुरू हुन अगाडि "टेवा" भवनको निरीक्षण, कार्यविधि एवं प्रक्रियागत संरचनाबारे जानकारी गराइएको थियो । उपस्थित सहभागीहरूले "टेवा" को प्रत्यक्ष-भ्रमण तथा जानकारीबाट लाभान्वित भएको महशुस गरेका छन् ।

## विपश्यना विहारमा विपश्यना

काठमाडौं, स्वयम्भू । बौद्ध ध्यानको परम्परागत प्रचलनलाई पुनर्स्थापना गर्न महत्वपूर्ण योगदान गर्दै आउनुभएका बर्माका ध्यानगुरू महासी सयादोको परम्परालाई प्रचार गर्न ताम्राकार हाउस दाता-समूहको आयोजनामा स्वयम्भूस्थित सानो भ्याङ्ग परिसरमा नवनिर्मित रत्न विपश्यना विहारमा विपश्यना ध्यान शिविर संचालन गरिएको छ । त्यस शिविरको नेतृत्व ध्यानगुरू सयादो आशिन सुजनप्रिया तथा अनागारिका निर्मलज्ञाणी (वीणा गुरूमा) ले गरिरहनु भएको छ । तीन महिने, दुइ महिने, एक महिने तथा सात दिनको ध्यान शिविर भइरहँदा श्रामणेर धर्मघोष तीन महिनाको, डा. सानुभाई डंगोल तथा डा. लक्ष्मण शाक्य सातदिने ध्यान शिविरमा सहभागि हुनुभएको छ । ♦

## भिक्षु महासंघको साधारण सभा

यही आउँदो २०६७ असोज १८ गते सोमवार मीनभवनस्थित विश्वशान्ति विहारमा विहान ९ बजेदेखि ४ बजेसम्म अखिल नेपाल भिक्षु महासंघको ६०औं वार्षिक साधारण सभा हुने भएकोले सम्पूर्ण संघसदस्यहरूलाई उक्त साधारण सभामा सहभागी हुन हार्दिक निमन्त्रणा गरिन्छ । निमन्त्रणा पत्र नपाउनु हुने संघ सदस्यले यसै निमन्त्रणालाई स्वीकार गरी उपस्थिति हुन पनि विनम्र अनुरोध गर्दछु ।

सचिव - **भिक्षु धर्ममूर्ति**, अ. ने. भि. महासंघ

## आनन्द कुटीको वार्षिक साधारण सभा

यही आउँदो २३ गते असोज २०६७ शनिवारका दिन दिउँसो २ बजेदेखि ४ बजेसम्म स्वयम्भूस्थित आनन्द कुटी विहारमा आनन्द कुटी विहार संस्थाको वार्षिक साधारण सभा हुने भएकोले सो सभा उपस्थितिको लागि सम्पूर्ण सदस्य महानुभावहरूलाई हार्दिक अनुरोध एवं निमन्त्रणा गरिन्छ ।

सचिव - **भिक्षु धर्ममूर्ति**, आ. कु. विहार (संस्था)

## मेत्ता सेन्टरको वार्षिक सभा

यही १६ असोज २०६७ शनिवार दिउँसो २ बजेदेखि ४ बजेसम्म बनेपास्थित ध्यानकुटी विहारमा मेत्ता सेन्टर मैत्री केन्द्र बाल आश्रमको १०औं वार्षिक उत्सव सम्पन्न हुने भएकोले इच्छुक सम्पूर्ण महानुभावहरू, दाताहरू एवं सदस्यहरूलाई सहभागिताको लागि हार्दिक अनुरोध एवं निमन्त्रणा गरिन्छ ।

अध्यक्ष- **भिक्षु धर्ममूर्ति**, मेत्ता सेन्टर

## भूल सुधार समाचार

गत अंकमा प्रकाशित आषाढ पूर्णिमाको उपलक्ष्यमा १८ औं उपत्यकाव्यापी बौद्ध वक्तृत्वकला प्रतियोगितामा शाक्यसिंह विहारका सनिला शाक्य प्रथम हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।